आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : सूर्यगढी गाउँपालिका, नुवाकोट , सुर्यगढी गाउँपालिका , नुवाकोट

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	धनेन्द्र भुजेल	२०७८-१०-३	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	यज्ञश्वर पाण्डे	२०७७-४-१	२०७८-९-१३
लेखा प्रमुख	महेश राज शर्मा	२०७७-४-१	
		बेरुजु रकम	६३,३५८,०१४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२,८०,५५,९९०	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२४,७४,६७,५४०	**चालु खर्च**	१९,७९,६९,४७३
प्रदेश सरकारबाट अनुदान	५,६२,२९,०००	**पूँजीगत खर्च**	१४,३२,३७,६०५
राजश्व बाँडफाँट	६,५०,५८,५१०	**वित्तीय/अन्य व्यवस्था**	०
आन्तरिक आय	०		
अन्य आय	२,५६,००,०००		
कुल आय	३९,४३,५५,०५०	**कुल खर्च**	३४,१२,०७,०७८
बाँकी मौज्दात		६,१२,७२,६४७	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउ पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, १५।६१ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार २५ जनसंख्या रहेको छ ।	
२			**संचित कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाँउपालिकालेप्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष 207७/ 7८को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः	

शिर्षक	टिप्पणी	बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		३९,४३,५५,०५०	३७,४४,२३,७३५.०३		३७,४४,२३,७३५.०३
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		३६,८७,५५,०५०	३६,३०,२३,७३५.०३	०	३६,३०,२३,७३५.०३
११००० कर	११	६,५०,५८,५१०	६,३६,२७,१९५.०३	०	६,३६,२७,१९५.०३
१३००० अनुदान		३०,३६,९६,५४०	२९,९३,९६,५४०	०	२९,९३,९६,५४०
संघीय सरकार	१२	२४,७४,६७,५४०	२४,७४,६७,५४०	०	२४,७४,६७,५४०
प्रदेश सरकार	१२	५,६२,२९,०००	५,१९,२९,०००	०	५,१९,२९,०००
अन्तरिक श्रोत	१२	०	०	०	०
१४००० अन्य राजस्व		०	०	०	०
ख. अन्य प्राप्ति		२,५६,००,०००	१,१४,००,०००		१,१४,००,०००
वितरण गर्न बाकी राजस्व		०	०	०	०
कोषहरु		१,५१,००,०००	१,१४,००,०००	०	१,१४,००,०००
धरौटी		०	०	०	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		१,०५,००,०००	०	०	०	
			भुक्तानी (ग+घ)		४३,९५,२१,४५२	३४,१२,०७,०७८.६१		३४,१२,०७,०७८.६१	
			ग. भुक्तानी (सञ्चित कोषबाट)		४१,३९,२१,४५२	३३,१८,५२,०७८.६१		३३,१८,५२,०७८.६१	
			२१००० पारिश्रमिक / सुविधा	१८	४,३२,८८,५४०	३,२६,७६,३०९.५८	०	३,२६,७६,३०९.५८	
			२२००० मालसामान तथा सेवाको उपयोग	१८	७,३६,००,०००	५,२१,३१,७९१.२५	०	५,२१,३१,७९१.२५	
			२५००० सहायता (Subsidy)	१८	७,३४,०२,०००	६,७८,९९,४९०.९०	०	६,७८,९९,४९०.९०	
			२६००० अनुदान	१८	६३,१७,५००	६३,१७,५००	०	६३,१७,५००	
			२७००० सामाजिक सुरक्षा	१८	९६,५२,०५३	९१,०९,०३३	०	९१,०९,०३३	
			२८००० अन्य खर्च	१८	२,०५,६७,५३८	२,०४,८०,३४८	०	२,०४,८०,३४८	
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१८,७०,९३,८२१	१४,३२,३७,६०५.८८	०	१४,३२,३७,६०५.८८	
			घ. अन्य भूक्तानी		२,५६,००,०००	९३,५५,०००		९३,५५,०००	
			कोषहरु		१,५१,००,०००	९१,००,०००	०	९१,००,०००	
			धरौटी		०	२,५५,०००	०	२,५५,०००	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		१,०५,००,०००	०	०	०	
			ङ. यो वर्षको बचत (न्युन)		(४,५१,६६,४०२)	३,३२,१६,६५६.४२		३,३२,१६,६५६.४२	
			च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			२,८०,५५,९९०.६७		२,८०,५५,९९०.६७	
			वर्षान्तको बाकी रकम (ङ + च)		(४,५१,६६,४०२)	६,१२,७२,६४७.०९		६,१२,७२,६४७.०९	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			बैंक तथा नगद बाकी	२४		६,१२,७२,६४७.०९		६,१२,७२,६४७.०९	

माथी प्रस्तुत गरिएको स्थानिय संचित कोष व्यवस्थापन प्रणाली को म. ले.प. फा. नं. २७२ ले नसमेटेका कारोवार निम्नानुसार छन्।

क्र. सं.	बजेट मुल शिर्षक	निकाशा	खर्च
१	स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम	५३०२८५१	५३०२८५१
२	प्रदेश पुर्वाधार विकास साझेदारी कार्यक्रम	२८६९८४६	२८६९८४६
३	गरिबसंग विशेश्वर कार्यक्रम	५००३५६	५००३५६
४	सामाजिक सुरक्षा तथा संरक्षण	६१४५१०००	६१४५१०००
जम्मा		७०१२४०५३	७०१२४०५३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३			**वित्तीय विश्लेषण** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् । १) प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणालीढाँचाको प्रतिवेदनले यस वर्षको आय रु ३७ करोड ४४ लाख २३ हजार र गत वर्षको मौज्दात रु. २ करोड ८० लाख ५५ हजार समेत जम्मा रु. ४० करोड २४ लाख ७८ हजार र कुल भुक्तानी रु. ३४ करोड १२ लाख ०७ हजार देखाई रु. ६ करोड १२ लाख ७१ हजार मौज्दात रहेको देखिन्छ । २) पालिकाले पेश गरेको म ले प फारम नं २७२ मा अन्तर वित्तीय हस्तान्तरण बाट प्राप्त गरी खर्च भएको रु करोड लाख हजार को आम्दानी र खर्च शिर्षकमा समावेश भएको देखिएन । ३) पालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA)लेदेखाएको आय-व्यय विचको फरक सम्बन्धमा कारण र आधार प्रस्तुत गरी लेखा टिप्पणी सहित खुलासा गरेको छैन । ४) पालिकाको कुल आन्तरिक आय रु २९ लाख १३ हजार रहेकोमा स्थानीय संचीत कोष प्रणालीको म ले प फारम नं २७२ को आन्तरिक आय महलमा आम्दानी शुन्य जनाएको हुदा आम्दानी बाध्नुपर्ने रु	२,९१३,१०४
४			**चौमासिक खर्च** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम बमोजिम स्वीकृत भएको कार्यक्रममा बमोजिम चौमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । प्राप्त विवरण अनुसार आषाढ महिनामा मात्र १७ करोड ६८ लाख ०६ हजार खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा अनुगमन प्रभावकारी नभई कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौमासिक व्यवस्थापन गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

सि.नं.	खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
1	सवै	३३१८५२	५७०९७	३५१३८	२३९६१६	१७६८०६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			**अनुदान रकम फिर्ता** संघीय तथा सामान्य प्रशासन मन्त्रालय जारी पत्रानुसार संघीय तथा प्रदेश प्राप्त शसर्त , विशेष . समपुरक तथा अन्य अनुदानबाट प्राप्त रकममध्ये खर्च भइ आ व को अन्तयमा बाँकी रहेको रकम सम्वन्धित संघ तथा प्रदेश संचितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । जसअनुसार पालिको यस वर्ष संघीय सरकारबाट रु १६ करोड ८९ लाख ६७ हजार अनुदान प्राप्त गरेकोमा रु १२ करोड ९३ लाख ९५ हजार खर्च गरी बाँकी रहेको रु ३ करोड ९५ लाख ७१ हजार र प्रदेश सरकारबाट प्राप्त अनुदान रु ४ करोड १९ लाख ९२ हजार प्राप्त भएकोमा रु ३ करोड ०४ लाख ०६ हजार खर्च गरी बाँकी रहेको रु १ करोड १५ लाख ५७ हजार गरी जम्मा रु ५ करोड ११ लाख ५७ हजार संघीय तथा प्रदेश खातामा पठाउनुपर्नेमा पालिकाले रु ५ करोड १० लाख ७८ मात्र फिर्ता पठाई रु ७९ हजार १७८ कम फिर्ता गरेको हुदा बाँकी रकम फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु	७९,१७८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६			**खाता शुन्य नभएको** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा दाखिला गर्नुपर्नेमा व्यवस्था रहेको छ । पालिकाले पेश गरेको विवरण अनुसार आ व अन्त्यमा आन्तरिक राजश्व खातामा रु ४१३१०४ , चालु जोर बर्ष खातामा रु ४०४३७७०५ र पुँजिगत जोर वर्ष खातामा रु ३१४१५८६१ गरी रु ७२२६६६७० बाँकी रहेको छ । नियमानुसार खाता निल बनाएर बाँकी रकम संचित कोषमा दाखिला गर्नुपर्दछ ।	
७			**उपदान कोष** क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१(१) मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को नियम ९१(२) अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ प्रचलनमा आए पनि हालसम्म पनि ४ जना कार्यरत स्थानीय स्थायी कर्मचारीको तलब भत्तामा १० प्रतिशत कट्टी गरी अवकास कोषमा जम्मा गरेको देखिएन। विभिन्न पदमा कार्यरत कर्मचारीको उल्लेखित ऐन अनुसार २०७४ कार्तिक देखि २०७८ आषाढ सम्म रकम कट्टी गरी रकम दाखिला गर्नुपर्ने देखिएको छ । नियमानुसार रकम कट्टी गरी अवकास कोषमा रकम जम्मा गर्नुपर्दछ ।	
८			**घटी जिम्मेवारी** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु.६ करोड १२ लाख ७२ हजार मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.२ करोड ८० लाख ८९ हजार जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३ करोड ३१ लाख ८३ हजार घटी जिम्मेवारी सरेको देखिएको छ ।पालिकाले रिकन्सिलेसन स्टेटमेन्ट तयार गरी फरक पर्नाको कारण पत्ता लगाउनुपर्ने रु	३३,१८३,४५६
९			**आन्तरिक नियन्त्रण**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९.१			स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा सो गरेको पाईएन । सो सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार रहेका छन् • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा नगरेको । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा पूर्ण रुपमा नगरेको पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको नराखेको • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरे नगरेको • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरे नगरेको • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरे नगरेको • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरे नगरेको • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरे नगरेको • कट्टा गरेको कर तोकिएको अवधीमा सम्बन्धित राजस्व खातामा जम्मा गरे नगरेको • सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरे नगरेको • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरे नगरेको • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरे नगरेको • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरे नगरेको	
९.२			सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा लेखापरीक्षणमा निम्नानुसार देखियो । • कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्वतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको । • सूचना प्रविधी पद्वतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको । • सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको । • सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको । कार्यालयले आफ्नो सुचना प्रणालीलाई व्यवस्थित गराउनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९.३			आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ मा सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको फारम अनुसार विवरण तयार गरी तथ्याङ्क अद्यावधिक गर्नुपर्ने कार्यालयले सो सम्वन्धि विवरण तयार गरेको देखिएन । यस सम्वन्धमा निम्नअनुसारको व्यहोरा देखियो । • म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक पूर्ण रुपमा विवरण नराखेको । • म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अद्यावधिक नभएको । • पालिकाले सवारी साधन तथा मेशिनरी साधनको मर्मत अभिलेख खाता अद्यावधिक गरी यस सम्वन्धमा हुने खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।	
९.४			भम्रण खर्च नियमावली २०६४ अनुसार भम्रणमा जाने कर्मचारीले भम्रण समापन भइसकेपछि भम्रण प्रतिवेदन पेश गर्नुपर्नेमा भ्रमण प्रतिवदेन पेश नगरी भम्रण खर्च लेखेको पाइयो । यस कार्यमा सुधार गरी आगामी दिनमा भम्रण प्रतिवेदन बेगर भम्रण खर्च भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
९.५			आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ अनुसार सार्वजनिक निकायले बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले म ले प फारम बेरुजु लगत अध्यावधि गर्नुपर्दछ ।	
९.६			स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यात्मक अवस्थामा मात्र रकमान्तर नगर्ने तथा कार्यक्रममा भेरियसन आदेश दिन नहुने गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन तथा नियमालवीको व्यवस्था विपरित रकमान्तर तथा भेरियसन गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी एक पटक आवस्यकता पहिचान गरी छनौट गरेका योजनाको आ व को अन्त्यमा कारण बेगर रकमान्तर तथा भेरियसन आदेश गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
१०			**खरिद व्यवस्थापन**	
१०.१			पालिकाले उपभोक्ता समितिबाट गराएका काममध्ये लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षणगर्दा सार्बजनिक खरीद ऐन,२०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको , सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरित जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरिएका अधिकांशविल भरपाई प्रमाणित नगरेको , विवरण पूर्ण रुपमा नभरिएको, सहि छाप नभएको अवस्था देखिएको छ।तसर्थ विवरण राख्ने कार्यमा सुधार हुनुपर्दछ ।	
१०.२		२०७८-१०-१९	१) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायलेय सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गरे पश्यात त्रुटि सच्चाउने अवधि पश्यात कार्यसम्पन्न प्रतिवेदन तयार गरी सो को आधारमा भुक्तानी दिनुपर्नेमा सो गरेको नपाएकोले नियमानुसार कार्यस्वीकार प्रतिवेदन तयार गरी त्रुटि सच्चाउने अवधि पश्यात कार्यसम्पन् प्रतिवेदन पेश गर्न वा गर्न लगाउनुपर्दछ । २)सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्शा पेश गर्ने व्यवस्था रहेकोमा सो गरेको देखिएन । ३) त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भएको पालिकाले सो नगरी सिधै कार्यसम्पन्न प्रतिवेदन दिने गरेकोमा आगामी दिनमा यस सम्वन्धित कार्यमा सुधार गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०.३			सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खरिद सम्झौता बमोजिम आपूर्ति भएका सामाग्री तथा निर्माण कार्यमा प्रयोग हुने सामाग्रीको गुणस्तर परिक्षण गर्नुपर्नेमा अधिकांश खरिदमा गुणस्तर परिक्षण भएको नदेखिएकाले आगामि दिनमा गुणस्तर परिक्षण पश्यात खरिद कार्य सम्पन्न गर्नुपर्दछ ।	
१०.४			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सवै योजनामा प्रभावकारी रुपमा सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यलाई लागु गर्नुपर्दछ ।	
११			**खर्चमा मितव्ययीता**	
११.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। स्थानीय तहले यो वर्ष कार्यालय सामाग्री तथा मसलन्द खर्च शिर्षकमा रु २१ लाख ९८ हजार खर्च गरेकोमा नियमानुसार मितव्ययिता सम्वन्धि कार्यविधि तयार गरी खर्च कायम गरेको देखिएन। विविध खर्च शिर्षकमा विभिन्न प्रयोजन खुलेको र नखुलेको कार्य समेत समावेश गरी खर्च भएको छ । कार्यालयले खर्च गर्दा मितव्ययिता कायम गर्नुपर्दछ ।	
११.२			स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय सरकारले कानूनी व्यवस्था गरेरमात्र कानून बमोजिम संस्था समूह जात्रा विरामी लयायत अन्य पक्षलाई अनुदान दिने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष त्यस सम्वन्धि कुनै पनि कानूनी व्यवस्था नगरी प्रकोप तथा अन्य सहायता शिर्षकमा रु ५२ लाख खर्च गरेको छ । कार्यविधि अनुसार मितव्ययी तवरले खर्च लेख्नुपर्दछ ।	
१२			**खरिद व्यवस्थापन**	
१२.१			पालिकाले उपभोक्ता समितिबाट गराएका काममध्ये लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षणगर्दा सार्बजनिक खरीद ऐन,२०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको , सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरित जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरिएका अधिकांशविल भरपाई प्रमाणित नगरेको , विवरण पूर्ण रुपमा नभरिएको, सहि छाप नभएको अवस्था देखिएको छ।तसर्थ विवरण राख्ने कार्यमा सुधार हुनुपर्दछ ।	
१२.२			सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खरिद सम्झौता बमोजिम आपूर्ति भएका सामाग्री तथा निर्माण कार्यमा प्रयोग हुने सामाग्रीको गुणस्तर परिक्षण गर्नुपर्नेमा अधिकांश खरिदमा गुणस्तर परिक्षण भएको नदेखिएकाले आगामि दिनमा गुणस्तर परिक्षण पश्यात खरिद कार्य सम्पन्न गर्नुपर्दछ ।	
१२.३			१) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायलेय सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गरे पश्यात त्रुटि सच्चाउने अवधि पश्यात कार्यसम्पन्न प्रतिवेदन तयार गरी सो को आधारमा भुक्तानी दिनुपर्नेमा सो गरेको नपाएकोले नियमानुसार कार्यस्वीकार प्रतिवेदन तयार गरी त्रुटि सच्चाउने अवधि पश्यात कार्यसम्पन् प्रतिवेदन पेश गर्न वा गर्न लगाउनुपर्दछ । २)सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्शा पेश गर्ने व्यवस्था रहेकोमा सो गरेको देखिएन । ३) त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भएको पालिकाले सो नगरी सिधै कार्यसम्पन्न प्रतिवेदन दिने गरेकोमा आगामी दिनमा यस सम्वन्धित कार्यमा सुधार गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२.४			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सवै योजनामा प्रभावकारी रुपमा सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यलाई लागु गर्नुपर्दछ ।	
१२.५			सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ अनुसार सार्वजनिक निकायले आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको मौजुदा सूचि तयार खरिद कार्य गर्दा उक्त सुचिबाट गर्न सकिने व्यवस्था गरेको पालिकाले उक्त सुचि तयार नगरेको हुदा आगामि दिनमा उक्त सुचि तयार गरी खरिद कार्यमा मितव्ययिता कायम गर्नुपर्दछ ।	
१२.६			सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले रु २० हजार माथी कारोबार गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएकोबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कतिपय पान विलमा २० हजार भन्दा कम कम रकम को विल बनाएर प्यान विलबाट कारोबार भएको देखियो । कानून अनुसार भ्याटमा दर्ता भएका कारोबारीसँग मात्र खरिद कार्य गर्नुपर्दछ ।	
१३			**बजेट तथा खर्च**	
१३.१			स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा २०७७/३/१० मा नीति तथा कार्यक्रम र बजेट पेश भई रु. ४१ करोड ३९ लाख २१ हजारको बजेट मिति २०७७।३।२५ पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७/५/५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
१३.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुमा पालिकाले पेश गरेको विवरणमा विभिन्न शिर्षक जस्तै जेष्ठ नागरिक चाडपर्व खर्च मा रु १८ लाख ५७ हजार सरकारी तथा अन्य निकायलाई सहायता शिर्षकमा रु६३ लाख १७ हजार को अवण्डा राखेको छ । नियमावली अनुसार प्राथमिकताको आधारमा बजेट शिर्षकगत रुपमा बर्गिकरण गरी खर्च गर्नुपर्दछ ।	
१३.३			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गरी उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा सो गरेको देखिएन । नियमानुसार समिति गठन गरी त्यसलाई क्रियाशिल बनाउनुपर्दछ ।	
१३.४			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कानूनी व्यवस्था अनुसार योजनाको दोहोरोपना नपर्ने योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी योजना तथा कार्यक्रम तयार गर्नुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३.५</td><td></td><td></td><td>नगरपालिकाको कुल बजेट ४१ करोड ३९ लाख २१ हजार र खर्च ९९ करोड ६१ लाख ०७ हजारको आधारमा समग्रमा ७२ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेटको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th>क्र स</th><th>क्षेत्रगत बजेट</th><th>रकम</th><th>खर्च प्रतिशत</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>३५६१६२९०</td><td>३.५८</td></tr>
<tr><td>२</td><td>सामाजिम विकास</td><td>४५८६४४३२४</td><td>४६</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>२८८३२२०८३</td><td>२८.९४</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्वन्धित</td><td>३८८४२२८९</td><td>३.९</td></tr>
<tr><td>५</td><td>कार्यालय संचालन तथा प्रशासनिक</td><td>१७४६८३०२०</td><td>१७.५४</td></tr>
<tr><td>जम्मा</td><td></td><td>९९६१०८००६</td><td>१००</td></tr>
</table>
उपर्युक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकास ४६ प्रतिशत, पूर्वाधार विकासमा २८ प्रतिशत र कार्यालय संचालन तथा प्रशासनिकमा १८ प्रतिशत, आर्थिक विकास तर्फ ४ प्रतिशत, वित्तिय व्यवस्थापन र सुशासन तथा अन्तरसम्वन्धित तर्फ ३।९ प्रतिशत र आर्थिक विकासमा केवल ३।५८ रहेको देखियो ।अत: आर्थिक विकास, संस्थागत विकास तथा सेवा प्रवाह तथा वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>१३.६</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिका प्रोफाइल तयार गरेको भनेर जनाएको भएतापनि त्यसको जिन्सी दाखिला गरी आम्दानी बाँधी दिर्धकालिन रुपमा प्रयोगयोग्य बनाउनुपर्नेमा सो नगरेकोले आगामी दिनमा जिन्सी दाखिला गरी स्थानीय प्रोफाइललाई संरक्षण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३.७</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ अनुसार कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले सञ्चालन गरेका विभिन्न स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरी पेश गर्नुपर्नेमा सो गरेको देखिएन । जसले गर्दा लक्ष्य अनुसारको कार्य भए । नभएको विश्लेषण गर्न नसकिने हुनाले आगामि दिनमा लक्ष्य प्रगति विवरण तयार गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**कर्मचारी व्यवस्थापन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चकोआकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षणअवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित २३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत, प्रशासन छैठौं २, आन्तरिक लेखा परिक्षक पाँचौ १, सहायक प्रशासन पाँचौ ४, कम्प्युटर अपरेटर पाँचौ १, लेखा सहायक पाँचौ १, प्रा.स. शिक्षा पाँचौ १ सहित १० पदहरु रिक्त रहेका छन् । यसरी ठूलो संख्यामा दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथासक्य छिटा पूर्ति गी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१५			**प्रोत्साहन भत्ता** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले सुर्यगढी कर्मचारी अतिरिक्त भत्ता प्रदान सम्बन्धी कार्यविधी, २०७५ तर्जुमा गरी सो अनुसार यो बर्ष निम्नानुसार रु १७३५५२४।प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>कोभिड- १९ तर्फ
आ व २०७७।७८ को आषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ ।
<table>
<tr><th>प्राप्ति</th><th>रकम</th><th>खर्च</th><th>रकम</th></tr>
<tr><td>आन्तरिक मामिला तथा कानुन मन्त्रालय</td><td>१५०००००</td><td>राहत वितरण</td><td>८००००</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन</td><td>८१५००००</td><td>क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन</td><td>१०००००</td></tr>
<tr><td>बिमाबाट प्राप्त</td><td>४०००००</td><td>आइसोलेसन केन्द्र निर्माण व्यवस्थापन</td><td>२१५००००</td></tr>
<tr><td></td><td></td><td>जनशक्ति परिचालन</td><td>२३००००</td></tr>
<tr><td></td><td></td><td>औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद</td><td>२००००००</td></tr>
<tr><td></td><td></td><td>स्वास्थ्य पूर्वाधार निर्माण</td><td>५००००</td></tr>
<tr><td></td><td></td><td>अन्य शीर्षकमा भएको खर्च</td><td>५१८२५८७</td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td>२५७४१३</td></tr>
<tr><td>जम्मा</td><td>१००५००००</td><td>जम्मा</td><td>१००५००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>कानुन निर्माण र कार्यान्वयन
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ।जसअनुसार गाँउपालिकाले हालसम्म २१ वटा ऐन, कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।सबै गाउँपालिकाले ६ वटा ऐन, ३ वटा नियमावली, १६ वटा कार्यविधी, २ वटा निर्देशिका र १ वटा नीति निर्माण गरी सभा, कार्यपालिकाबाट स्वीकृत गरेको छ । उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>न्यायिक समिति
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ८ र यो बर्ष थप भएको १६ गरी कुल २४ विवाद दर्ता भएकोमा १० वटा फछ्र्यौट भई १४ बाँकी देखिन्छ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९	५२३	२०७८-३-२९	**बजेट वक्तव्य वापत भत्ता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा उपाध्यक्ष, उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले आगामी आर्थिक वर्षको राश्वव र व्यय, बजेटको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गते भित्र सभामा पेश गर्नुपर्ने उल्लेख छ । तसर्थ बजेट प्रस्तुत गर्ने कार्य गाउँपालिका उपाध्यक्षको काम कर्तव्यभित्र पर्दछ । त्यसैगरी बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ बागमती प्रदेश अन्तर्गत स्थानीय (पहिलो संशोधन समेत) मा बजेट वक्तव्य गरेवापत भत्ता पाउने व्यवस्था छैन । तर पालिकाले गोश्वारा भौचर नं ५२३।२०७८।०३।२९ बाट कार्यपालिकाको निर्णय अनुसार आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्मको बजेट वक्तव्य वापत गाउँपालिका उपाध्यक्ष मञ्जु ढकाललाई रु ५००००। भुक्तानी दिएको छ । यसरी कानुनमा व्यवस्था नभएको र काम कर्तव्यभित्रै पर्ने कार्यको लागि भुक्तानी दिएकोले पालिकालाई थप व्ययभार परेको देखिन्छ।	
२०			**पदाधिकारीलाई यातायात सुविधा** बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिला संशोधन समेत) को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनुसूची १ मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ । अनुसूची १ मा पदाधिकारीलाई सवारी साधन उपलब्ध नभएको खण्डमा मात्र यातायात खर्च मासिक रु १००००। पाउने उल्लेख छ । तर गाउँपालिका उपाध्यक्ष मञ्जु बुढाथोकीले यातायात साधन वापत बा २ ब ९२८९ नं को स्कुटि कार्यालयबाट बुझेको छ भने यातायात खर्च मासिक रु १००००। गरी १२ महिनाको रु १२००००। पनि भुक्तानी भएको छ । यसरी पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिला संशोधन समेत) विपरित हुने गरी गाउँपालिका उपाध्यक्षलाई सवारी साधन उपलब्ध भएको अवस्थामा पनि यातायात खर्च रु १२००००। भुक्तानी भएको देखिएकोले नियम सम्मत भन्न नमिल्ने	१२०,०००
२१			**शैक्षिक कार्यक्रम**	
२१.१			स्थानीय तह संचालन ऐन २०७४ अनुसार प्रमूख प्रशासिकय अधिकृतले आफू मातहत रहेका इकाईहरुको खर्च मितव्ययी तथा पारदर्शि बनाउन प्रत्येक शाखाबाट आवस्यक कागजात तयार गर्न लगाई सोहि अनुरुपखर्च गर्नु तथा गर्न लगाउने व्यवस्था रहेको छ । सोही अनुरुप पालिकाले आफु मातहत रहेको शिक्षा शाखालाई विद्यालय अधिलेख खाता तयार गर्न गलाई सोही आधारमा शिक्षकको तलव भत्ता माग फारम ठिक छ वा छैन एकिन गरी रकम निकासा गर्ने तर्फ पहलि कदम चाल्नुपर्दछ ।	
२१.२			स्थानीय तहले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नको लागि शैक्षिक गुणस्तरको मापन मापदण्ड सम्वन्धि कार्यविधि तयार गरी लागु पर्ने व्यवस्था रहेको छ । पालिकाले यस सम्वन्धमा कार्यविधि तयार गरी सार्वजनिक शैक्षिक संस्था को गुणस्तर सुधार गर्नुपर्दछ ।	
२१.३			कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।०७८ अनुसार सार्वजिनक निकायले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम तर्जुमा गरी सोहि बमोजिम विद्यालय छनौट गर्ने र आवस्यकताको आधारमा अनुदान रकम उपलव्ध गराई सो को प्रभावकारी रुपमा कार्यान्वयन भए । नभएको एकिन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिका नितिगत व्यवस्था अनुरुप विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम तर्जुमा गरेको पाएन । जसको कारण अनुदान रकम सम्वन्धित विद्यालयलाई समानुपातिक रुपमा आवस्यकताको आधारमा नभई तोकको आधारमा वितरण गरेको देखियो। यस प्रकारको कार्यमा सुधार गरी भौतिक पूर्वधार विकास अनुदान वितरण कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।	
२१.४			निजी विद्यालय व्यवस्थापन गर्न तथा मितव्ययी तवरले शुल्क निर्धारण गरी शैक्षिक गुणस्तर सुधार गर्नको लागि सार्वजनिक निकायले निजी विद्यालय व्यवस्थापन र अनुगमन सम्वन्धि निर्देशिका तयार गरी सोहि बमोजिम विद्यालयको शुल्क तया अन्य मापदण्ड निर्धारण गर्ने र मापदण्ड बमोजिम कार्य गरे नगरेको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा सो गरेको पाईएन । संविधान प्रदत अधिकारको उपयोग गरी स्थानीय तहले आफु मातहत रहेका निकायका शैक्षिक गुणस्तर सुधार गर्न नितीगत व्यवस्था गरी सो पालना गर्न लगाउनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१.५			पालिकाले बिद्यालयको अनुगमन नियमन व्यवस्था सम्वन्धि निर्देशिका तयार गरी मापदण्ड बमोजिम अनुगमन गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेमा सो निर्देशिका बमोजिम अनुगमन गरी प्रतिवेदन पेश गरेको पाईएन । आगामि दिनमा निर्देशिका तयार गरी नियमित अनुगमन गर्नुपर्दछ ।	
२१.६			सार्वजनिक निकायले संघिय सरकारबाट प्राप्त शसर्त अनुदानबाट विभिन्न विद्यालयलाई विभिन्न शिर्षकमा अनुदान भुक्तानी गरी खर्च लेख्दा सो वितरित अनुदानको सहि सदुपयोग भएर नभएको एकिन गर्न प्रति विद्यार्थी उपलब्धि तथा लागत अनुमान सुचक ततार गरी गर्न लगाई सो को अनुगमन गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाबाट सो सुचक तयार गर्न लगाएको देखिएन । जसबाट अनुदान वितरणको प्रभावकारिता मूल्याङ्कन गर्न गाह्रो भएकाले आगमी दिनमा पालिकाले सो सुचक तयार गर्न लगाउन पर्दछ ।	
२२			**विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु २०००००० । खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
२३			**पेश्की व्यस्थापन**	
२३.१			आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० बमोजिम खरिद सम्झौता अनुसार आपूर्तक, सेवा प्रदायक वा निर्माण व्यवसायीलाई पेश्की भुक्तानी गर्दा बैंक जमानत तोकिए बमोजिम लिनुपर्ने सम्झौतामा तोकिएको शर्त, तरीका र अवधीमा पेश्की फछ्र्योट गर्नुपर्ने ढिलो फछ्र्योटमा नियम ५१ बमोजिम वार्षिक १० प्रतिशतका दरले व्याज असुल गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न योजनामा सम्झौता भन्दा बढी प्रतिशतमा मोविलाईजेसन पेश्की दिएको , कार्यसम्पादन जमानत समेत कबोल अंक तथा घटी ठेक्का कवोल अंक अनुसार हुनुपर्नेमा सो भएको देखिएन ।आगामि दिनमा पेश्की दिने तथा कार्यसम्पादन जमानत पेश गर्न लगाउने कार्यमा सुधार गर्नुपर्दछ ।	
२३.२			आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा सरकारी कामकाजको लागि दिएको पेश्की सोही आर्थिक वर्ष फछ्र्योट् हुन नसकेमा कार्यालय प्रमुखले पेश्की लिने पक्षको आवश्यक विवरण उल्लेख गरी पेश्की बाँकीको विवरण प्रमाणित गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार पेश्की बाकी नरहेको हुदा आगादी दिनमा पेश्की फर्छ्योट कार्यलाई अझ प्रभावकारी बनाउनुपर्दछ ।	
२४			**आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवम् संघ संस्थालाई रु १०००००० । आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्यिता कायम गर्नुपर्दछ ।	
२५			**आन्तरिक आय** सुत्रले तयार गरेको म.ले.प.फा. २७२ मा आन्तरिक आम्दानीबाट आय देखिन्न तर बैंक स्टेटमेन्ट अनुसार आन्तरिक आम्दानी रु २९१३१०४। देखिन्छ । यसरी बैंक स्टेटमेन्ट र सुत्रले तयार गरेको म.ले.प.फा. २७२ अनुसार आन्तरिक आम्दानीमा रु २९१३१०४। को फरक देखिन्छ । कार्यालयले बैंक रिकन्सिलेसन तयार गरी रु २९१३१०४।आन्तरिक आम्दानी बाँध्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**रसिद नियन्त्रण खाता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरुको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रबिष्टी गरी तोकिएको समयमा बैंक दाखिला गर्नुपर्छ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिदहरु मध्ये गत विगतका कति रसिद बाँकी थिए, यस वर्ष के कति छपाई गरियो र यो वर्ष वडा कार्यालयहरुको असुली लगायत गाउँपालिका कार्यालयले प्रयोग गर्ने गरी कति खर्च भयो, के कति आगामि वर्षको लागि जिम्मेवारी सारेको छ, सो खुल्ने गरी रसिद नियन्त्रण खाता राखेको पाइएन । कार्यालयले प्रयोग गर्ने रसिदको व्यवस्थित अभिलेख राखी सबै रसिदबाट उठेको रकम दाखिला भएको एकिन गर्नुपर्दछ ।	
२७			**ओम इन्टरनेशनल निर्माण कन्ट्रक्सन**	
२७.१			संघिय समपुरक अनुदान अन्तरगत फेदिवेशी वडा नं ५ हिरामुनीटार गाउँपालिका वडा नं २ जोडने सडक को लागत अनुमान भेरियशन आदेश पछी रु २ करोड ५ लाख ८ हजार पाँच सय एकानब्बे रही पहिलो रनिङ बिल बाट ९९,५७,३७७ र दोस्रो रनिङ बिल बाट १०२६३४९३।– गरी कुल २,०२,२०,८७१।- ,रकम ठेक्का सकार गर्ने ओम बुद्ध ईन्टरनेशनल कन्स्ट्रक्सन प्रा ली लाई मिती २०७८-०२-२७ मा सम्पन्न गर्ने गरी २०७७-१२-०२ मा सम्झौता भएको ठेक्काको श्रेष्ता हेर्दा निम्नानुसारको ब्यबस्था देखियो।	
२७.२			सार्वजनिक खरिद नियमावली २०६४ अनुसार कार्यसम्पादन जमानतको अवधि ठेक्काको अवधि प्लस १३ महिनाको हुने व्यवस्था रहेको मा पालिकाले फेदिवेशी वडा नं ५ हिरामुनीटार गाउँपालिका वडा नं २ जोडने सडकको निर्माण कार्यकोलागी ४६ % न्युनमा कबोल गरेबापत रु ७९४१३३५।– को कार्यसम्पादन जमानत पेश गर्नुपर्नेमा निर्माण ब्यबसायीले श्री ओम बुद्ध ईन्टरनेशनल कन्स्ट्रक्सन प्रा ली रु ५९१५९०५।– मात्र पेश गरी ८२५४३०।– को घटी कार्यसम्पादन जमानत पेश गरेको छ।उक्त निर्माण कार्य सम्पन्न भईसकेको भएतापनी त्यसको त्रुटी सच्याउने अवधी बाकी रहेको हुदा घटी पेश गरेको कार्यसम्पादन जमानतको प्रमाण पेश गर्नुपर्ने रु	८२५,४३०
२७.३			ओम बुद्ध ईन्टरनेशनल कन्स्ट्रक्सन प्रा ली सँग सम्झौतामा एडभान्स पेमेन्ट बापत १०% मात्र रकम भुक्तानी दिने गरि सम्झौता भएको छ।पालिकाले उक्त ब्यबस्था बिपरीत एक महिनाको अवधीमा १७ लाख ,१७ लाख गरि ३४ लाखको मोभिलाईजेशन पेश्की दिएको छ।नियम बिपरीत भुक्तानी भएको रकमको ब्याज १४००० का दरले २ महिनाको २८०००।– असुल गरी दाखिला गर्नुपर्ने रु	२८,०००
२७.४			ठेक्काको कुल खर्च २०२२०८७१।५५ को ५०% ले हुन आउने रकम रु १०११०४३५ मात्र संघिय समपुरक अनुदान बाट खर्च लेख्नु पर्नेमा पालिकाले कन्टिनजेन्सी बापत ७३६००० र ठेक्काको रकम भुक्तान बापत रु ११८८७६४९ गरि रु १२५२३६५९।– खर्च गरेको छ। ५०-५० प्रावधान भन्दा कार्यक्रम तर्फ बढी खर्च लेखेको रु १७७७२१४।– संघीय खातामा फिर्ता गर्नुपर्ने रकम रु	१,७७७,२१४
२८			**चोकदे बागेश्वरी**	
२८.१			सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८(१) अनुसार सम्झौता गर्दाको बखत पुर्वानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा भेरिएशन आदेश दिन सक्ने ब्यबस्था रहेको छ। कार्यालयले पुर्वानुमान गर्न सकिने वाल निर्माणको कार्य थप भनी २८।८८% भेरिएशन आदेश थप गरी रु १७७६२८१।– थप्ने कार्य नियम संगत देखीएन।अत अनियमित भएको रु	१,७७६,२८१
२८.२			चोकदे बागेश्वरी हुदै कुवापानी सडक निर्माणको ठेक्का कबोल गर्ने कार्यसम्पादन जमानत रु ४९०००००। को म्याद २०७९-०२-१० सम्म रहेको हुदा उक्त ठेक्काको DLP पिरेड २०७९-०४-११ सम्म रहेको हुदा सो अवधी सम्म खप्ने मिती भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने जमानत रु	४,९००,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९</td><td></td><td></td><td>बाटो निर्माण

गा पा(ठेक्का)-ठेक्का नं ४ चोकदे बागेश्वरी हुदै कुवापानी सडक निर्माणको कुल लागत १९००८०००।– को तयार गरी रु ७११३८९३ मा कबोल गरी मिती २०७८-०३-१८ मा सम्पन्न गर्ने गरी २०७७-१०-१८ मा सम्झौता भएको छ। यस सम्बन्धमा देखिएका ब्यहोरा निम्नानुसार छनः</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>वास कार्यक्रम
सार्वजनिक खरिद नियमावली २०६४ नियम १२५ अनुसार कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिनुपर्ने ब्यबस्था रहेको छ।पालिकाले बागेश्वरी उ मा वी मा वास कार्यक्रम अन्तरगत शौचालय निर्माणको लागी रु ६९६३८१।– को लागत अनुमान तयार गरी रु ७७२०३३।– को कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी भएको श्रेस्ता परिक्षण गर्दा प्यानसिट ४ वटा रु२५२४ का दरले भुक्तानी भएको १००९६।– ,रेक्टेङगुलर मिरर रु २००० र धारा रु ७५५ का दरले ६ वटाको रु४५३०।– गरी जम्मा रु १६६२६।– को सामान खरिद गरेको बिल पेश भएको छैन।बिल बेगर भुक्तानी भएको रकम अशुल गरि भुक्तानी गर्नुपर्ने रु</td><td>१६,६२६</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>सेनिटरी प्याड खरिद
पालिकाले बिधालयमा अध्ययनरत छात्राको संख्या यकिन गरी सेनिटरी प्याड आवश्यकता पहिचान गरेको भनी ३ वडा शिलबन्दी पत्र द्वारा तोकिएको गुणस्तरमा न्युनतम रकम कबोल गर्ने डालीमा मेडिसेल्सलाई सेनिटरी प्याड १३५०० रु ५८ का दरले गो भौ नं ११५-२०७८-३-३ बाट रु ८८४७९०।– भुक्तानी भएको छ ।जसको श्रेस्ता परिक्षण गर्दा निम्नअनुसारको व्यहोरा देखीयो।
क)सेनिटरी प्याड खरिद सम्बन्धी कार्यविधी २०७५ को अनुसुची २ अनुसार प्याडको गुण गुणस्तर परिक्षण हुनुपर्नेमा सो परिक्षण नगरी सामान खरिद भएको हुदा सामान तोकिएको गुणस्तर भएको यकिन गर्न सकिएन
ख)सार्वजनिक खरिद नियमावली २०६४ अनुसारसार्वजनिक निकायले खरिद तथा अन्य विधीबाट कार्यलयलाई प्राप्त हुने सामाग्रीको जिन्सी खातामा आम्दानी जनाई हस्तान्तरण फारामको माध्यमबाट खर्च लेख्नुपर्ने ब्यबस्था रहेको छ।पालिकाले १३५०० थान सेनिटरी प्याड खरिद गरेतापनी सम्बन्धीत छात्रालाई बितरण गरेको भरपाई पेश गरेको छैन जसको कारण आवश्यकता पहिचान नगरी आर्थीक वर्षको अन्त्यमा बजेट फ्रिज हुन नदिने उद्वेश्य प्रेरित भई सामान खरिद गर्ने कार्यमा नियन्त्रित हुनुपर्छ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>मेसिनले निर्माण गरेको कार्यमा म्यानुअल ड्रेनकार्य बापत भुक्तानी
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितीको प्रत्यक्ष योगदान रहने र जटिल उपकरणको प्रयोग गर्नु नपर्ने योजना उ स मार्फत गराउनु पर्ने ब्यबस्था रहेको छ।कार्यालयले बिभीन्न स्थानको रोड कटिङको कार्यमा मेसिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरी त्यसको ड्रेन बनाउने कार्यको लागी मेनुअल रेट राखी भुक्तानी भएको छ।फिल्ड निरीक्षण र फोटो हेर्दा उक्त रोड कटिङको ड्रेन मेसिनको प्रयोग गरी बनाईएको देखिन्छ।ड्रेन बापत भुक्तान भएको रकम असुल गरी दाखीला गर्नुपर्ने रु
<table>
<tr><th>गो भौ नं</th><th>योजनाको नाम</th><th>कार्यसम्पन्न रकम</th><th>ड्रेन बापत भुक्तानी भएको रकम</th></tr>
<tr><td>३-७७-१२-२४</td><td>सानोभोर्ले देउताथान सडक उस</td><td>९०२८७५</td><td>४५०६८</td></tr>
<tr><td>१०-२०७८-०३-८</td><td>गणेसस्थान पौवाबोट सडक स्तरउन्नती</td><td>१३८०२४७</td><td>१३१२२२</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१७६२९०</td></tr>
</table></td><td>१७६,२९०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३</td><td></td><td></td><td>बढी भुक्तानी</td><td></td></tr>
<tr><td>३३.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ अनुसार निर्माण सामाग्रीको रकम भुक्तानी स्वीकृत जिल्ला दररेट अनुसार भुक्तानी दिनुपर्नेमा अधेरीखोला मुहानगरी कल्वे हुदै काफ्लेटार बेलडाडा सिचाई उस लाई गो भौ नं १०-०७८-९-०८ बाट रु १३१५६७४ रकम भुक्तानी दिदा निर्माण कार्यमा प्रयोग हुने सामाग्रीको दररेट जिल्ला दररेट भन्दा राखी लागत अनुमान तयार गर्ने र सो को आधारमा कार्यसम्पन्न प्रतिवेदन तयार गरी रकम भुक्तानी गर्दा बढी भुक्तान भएको रकम रु २१४६३३ असुल गरि दाखीला गर्नुपर्ने रु
<table>
<tr><th>निर्माण कार्य</th><th>परिमाण</th><th>स्वीकृत दर</th><th>भुक्तानी दर</th><th>बढी भुक्तानी भएको दर</th><th>बढी भुक्तानी भएको रकम</th></tr>
<tr><td>टि एम टी रड</td><td>१९०६</td><td>१३०।४०</td><td>१३१।९</td><td>१।५</td><td>२८५९</td></tr>
<tr><td>पिसिसी एम १०</td><td>६।९०</td><td>१०२६२</td><td>११८५१</td><td>१५८७</td><td>१०९५०</td></tr>
<tr><td>पिसिसी एम २०</td><td>४६।३२</td><td>१५०१९</td><td>१७३३३</td><td>२३१४</td><td>१०७१८४</td></tr>
<tr><td>रुबल मेशीनरी वर्क</td><td>२४।५०</td><td>१०७४४</td><td>१२०८५</td><td>१३४१</td><td>३२८५४</td></tr>
<tr><td>स्टोन सोलीङ</td><td>५४।०८</td><td>२९५५</td><td>४०७९</td><td>११२४</td><td>६०७८६</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२१४६३३</td></tr>
</table></td><td>२१४,६३३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३.२</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ अनुसार निर्माण कार्यको भुक्तानी जिल्ला दररेट अनुसार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ढुङ्ग्रे खोला मुहानगरी पानमती नेपालटार सिचाई आयोजनाको ढुङ्गा,बालुवा,सिमेन्ट र डन्डीमा जिल्ला दररेट भन्दा बढी दरमा रकम राखी लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको कारण निम्नानुसारको आईटममा स्विकृत नम्स भन्दा बढी दरमा भुक्तानी भएको छ।बढी भूक्तानी भएको रकम असुल उपर गर्नुपर्ने रकम रु
<table>
<tr><th>कार्य</th><th>भुक्तानी परिमाण</th><th>भुक्तानी भएको दर</th><th>स्वीकृत नर्म्स</th><th>बढी भुक्तानी दर</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>सोलीङ आइटम</td><td>३४.५५</td><td>३८.४५</td><td>२८९५</td><td>९५०</td><td>२५८२२</td></tr>
<tr><td>पिसिसि एम १०</td><td>२५।६९</td><td>११५२७।८९</td><td>१०२६४।५२</td><td>१२६३।३७</td><td>३२४५६</td></tr>
<tr><td>पिसिसी एम २०</td><td>६१।४८</td><td>१६३८८</td><td>१४९८७।८४</td><td>१४००।१६</td><td>८६०८२</td></tr>
<tr><td>रुबल मेशिनरि कार्य</td><td>२२।५६</td><td>११९१७।७३</td><td>१०६६३।५०</td><td>१२५४।२३</td><td>२८२९६</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१७२६५६।-</td></tr>
</table></td><td>१७२,६५६</td></tr>
<tr><td>३३.३</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ अनुसार निर्माण कार्यको भुक्तानी गर्दा सार्वाजनिक निकायले सम्वन्धित कार्यको नमर्स अनुसार को रेटमा गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले जनजागृती युवा क्लब उस संग सम्झौता गरी गो भौ नं १४-७८-१-१६ बाट रु १४१००००।– भुक्तानी गर्दा पिसिसि एम २० कार्यलाई स्वीकृत भवनको नम्स रेट १५१४० का दरले भुक्तानी हुनुपर्नेमा १६१५८।६७ का दरले भुक्तानी गरी प्रति घन फिट रु १०१८।६७ का दरले बढी भुक्तानी गरी ४६।५३ घन फिटको बढी भुक्तानी भएको रु ३७२२४ असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>३७,२२४</td></tr>
<tr><td>३३.४</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ अनुसार निर्माण कार्यको लागि मेसिन प्रयोग गर्दा स्वीकृत जिल्ला दररेट अनुसार गर्नुपर्नेमा पालिकाले पोखरीबाट गहते भिर हुदै कालीका मन्दीर सडक निर्माण उ स लाई गो भौ नं १-२०७७-१२-०२ बाट रु १२०२३२९ भुक्तानी हुदा स्काभेटरले हार्ड रक कटिङ जिल्ला दररेट ७५० का दरले भुक्तानी नदिई रु ७९० का दरले भुक्ताती दिई २६२।३१ घनमीटर परिमाणलाई रु २० का दरले बढी भुक्तानी दिई १०४९२ बढी भुक्तानी भएको छ।बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>१०,४९२</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>असुल रकम</td><td></td></tr>
<tr><td>३४.१</td><td></td><td></td><td>जनजागृती युवा क्लब उस संग सम्झौता गरी निर्माण गरिएको कार्यको कार्यसम्पन्न प्रतिवेदनमा भ्याट रकम भुक्तानी बापत रु १३००००।– भुक्तानी भएकोमा उपभोक्ता समितीले पेश गरेको भ्याट बिलमा भ्याट रकम जम्मा १०५७८८।–भएको हुदा भ्याट बापत बढी भुक्तानी भएको २४२१२।– असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>२४,२१२</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४.२			सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई विल भरपाई र कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ । पालिकाले खारेखोला ढाडेस्याङ्ले हुदै लच्याङ ग्रामीण सडक उ स लाई बाटो बनाउदा निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तथा लागत अनुमानमा ओ पी सी सिमेन्टको भ्याट बाहेक ८४१ का दरले ६०० बोराको रु ५७००००।– रकम भुक्तानी दिएकोमा उस ले पिपिसी सिमेन्ट ५५० का दरले ६०० बोराको ३७२९०० को बिल पेश गरेको छ।बिल पेश गरेको भन्दा बढी रकम असुल उपर गर्नुपर्ने रु	१९७,२९८
३४.३			तेस्रो रनिङ बिलमा प्रोभिजनल समलाई पिएस आईटममा राखि रु २ लाख ,बिमा बापत रकम बिमाको बिल तथा कागजजात बेगर रु ५०,०००।– र ल्याबको रिपोर्ट तथा बिल बेगर भुक्तानी भएको रु ५००००।– गरि कुल रु ३ लाख प्रमाण कागजजात बेगर ठेगेदारलाई भुक्तानी दिइको हुदा उक्त रकम असुल गरि दाखिला गर्नुपर्ने रु	३००,०००
३४.४			सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार खारेखोला ढाडेस्याङ्ले हुदै लच्याङ ग्रामीण सडक उ स कार्यसम्पन्न प्रतिवेदनको आधारमा रु १५१००० भ्याट रकम भुक्तान भएकोमा उस ले ७६७१२ को मात्र भ्याट रकम उल्लेख बील पेश गरेको छ ।बील भन्दा बढी भुक्तान भएको ७४२८८।– रकम असुल गरी दाखीला गर्नुपर्ने रु	७४,२८८
३५			**प्रमाण पेश**	
३५.१			आर्थीक कार्यविधी तथा वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ३९(१०) मा बिल भरपाई सहित लेखा राख्ने र त्यसको औचीत्यको आधारमा लेखा उत्तरदाही अधीकृतले भुक्तानी दिने ब्यबस्था रहेको छ। कार्यालयले गो भौ नं १२-७८-१-१० बाट प्रतिदिन ८००० का दरले १० दिन अनुगमन गरेको भनी गाडी नं ३-०१०-२३ नं को गाडी भाडामा लिएको भनी सुजित मान तामाङ लाई ८८२५०।– भुक्तानि भएकोमा कुन दिनमा के काम गर्नको लागी कहा गएको हो?सो को विवरण खुल्ने कागजजात बेगर भुक्तानी दिई अनियमित भएको छ।कार्यक्रमको स्वीकृत टिप्पणी र अनुगम प्रतिवेदन पेश गर्नुपर्ने	८२,२५०
३५.२			खारेखोला ढाडेस्याङ्ले हुदै लच्याङ ग्रामीण सडक उ स ले बाटो खन्न बालकन्या कन्स्ट्रक्सन प्रा ली ले बिजक नं ०१०(प्यान नं ६०६८८२९६) ले बिजक नं ०१० जारी गरी ७६७१२ को भ्याट लिएकोमा उक्त प्रा ली २०७६ फाल्गुण देखी नन फाइलर भएको हुदा कर समायोजन पत्र पेश गर्नुपर्ने रकम रु	५०,०००
३५.३			प्रदेश समपुरक योजनाको कुल खर्च ८९१०९१८ को ५० % रकम कन्टिनजेन्सी सहित कुल रकम रु ४६३३७०८ कार्यक्रम शिर्षकबाट खर्च लेख्न सकिनेमा रु ४८५७६२२ खर्च लेखी रु २२३९१४ बढी खर्च लेखेको छ। बढी खर्च लेखेको रकम प्रदेश संचीत कोषमा दाखिला गर्नुपर्ने रु	२२३,९१४
३५.४			आर्थीक कार्यविधी तथा वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ३९(१०) मा बिल भरपाई सहित लेखा राख्ने र त्यसको औचीत्यको आधारमा लेखा उत्तरदाही अधीकृतले भुक्तानी दिने ब्यबस्था रहेको छ। कार्यालयले सो ब्यबस्था बिपरीत बिधुत्त प्राधीकरण कार्यालयलाई लाएन जडान तथा प्रसारण कार्यको लागी ज्याला तथा विविध खर्च शिर्षकमा गो भौ नं ३५-२०७७-८-२५ बाट रु १४३९५७।– भुक्तानी दिएको छ।लागत अनुमान तयार गरि कुल कति कामको कति ज्याला हुने हो सो कुराको यकिन नगरी विविध खर्च भनी रकम भुक्तान गर्ने कार्य नियमीत देखिएन।लागत अनुमान सहित नापी किताब र कार्यसम्पन्न पेश गर्नुपर्ने रु	१४३,९५७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६			**नापी किताव भन्दा बढी भुक्तानी** नापी किताबमा उल्लेख भएको भन्दा बढी परिमाणमा भुक्तानी भएको रु पि सि सि एम २० को ०।३६ बर्ग फिटको ५४००।– र इन्फोर्समेन्टको २० के जि को २६०००।- ,त्यस्तै पिएस आईटमको ल्याव टेष्ट बापतको भ्याट सहितको विलको दोहोरो भ्याट सहित भुक्तानी भएको रकम रु ६५०० गरि कुल ३७९०० अतिरिक्त भुक्तानी भएको रकम असुल उपर गर्नुपर्ने रु	३७,९००
३७	340	२०७८-३-२८	**चोकदे सडक स्तरउन्नती कार्यको** कोटेशन मार्फत चोकदे सडक स्तरउन्नती कार्यको लागी शिलवन्दी दरभाउपत्रबाट खरिद प्रकृया अगाडी बढाई सवै भन्दा कम कवोल गर्ने श्री ॐ हराहरा कन्ट्रक्सन सँग रु ४ लाख ८२ हजारमा सम्झौता भई कार्यसम्पन्न भएको भनी गो भौ नं ३४०।०७८।३।२८ बाट रु ४ लाख ८२ हजार भुक्तानी भएको निम्मानुसारको व्यहोरा देखियो । क) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को निमय ३९(१०) विल भरपाई सहित लेखा राख्ने र त्यसको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले माथि उल्लेखित कार्यको लागि रु ३१५१९६ का कार्यसम्पन्न प्रतिवेदन तयार भएकोमा सवै रकम भुक्तानी दिएको छ । बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु ख) सोही स्थानमा सोही प्रकृतीको कार्य सोही व्यक्तिले गरेको हुदा केवल अर्थ एक्साभेसन तथा ड्राई बाल सोलिङ्ग जस्ता कार्य थप गरेको भनी सिलवन्दी दरभाउपत्रबाट कोटेशन माग गरी रकम भुक्तानी भएकोमा स्पष्ट कुन कुन स्थानको के के कार्य ठेक्का को कार्य बाहेक गरिएको हो त्यसको स्पष्ट रुपमा नखुलाई भुक्तानी दिने कार्य नियमसँगत देखिएन । अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु	४८२,८७३
३८			**श्री ॐ हराहरा कन्ट्रक्सन** गा पा ले ठेक्का नं ५ ।०७७।०७८ को लागी रु १ करोड ०९ लाख ३८ हजारको लागत अनुमान तयार गरी श्री ॐ हराहरा कन्ट्रक्सनले मिति २०७८।३।३० का कार्यसम्पन्न गर्ने गरी मिति २०७७।१२।१८ मा रु ६८ लाख ०७ हजार न्यून कवोल गरी सम्झौता गरेको छ । जसको ठेक्का सम्वन्धि सक्कल फाइल प्राप्त नगरी अनलाईनबाट डाउनलोड गरी अध्ययन गरिएको ठेक्का कागजातको अध्ययन गर्दा निम्नानुसार को व्यहोरा देखियो । क) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ अनुसार १५ प्रतिशत भन्दा बढी न्यून मा कबोल गर्ने पार्टी सोही अनुपातमा कार्यसम्पादन जमानत पेश गर्नुपर्ने कानून व्यवस्था अनुरुप उक्त निर्माण व्यवसायीले मिति २०७९।४।२९ सम्म म्याद भएको रु १५ लाख ५८ हजार ४६९ को कार्यसम्पादन जमानत पेश गर्नुपर्नेमा मिति २०७९।२।२९ सम्म म्याद भएको रु १३ लाख ४० को मात्र कार्यसम्पन्न प्रतिवेदन पेश गरी कार्यसम्पन्न गरेको देखियो । उक्त योजनाको त्रुटी सच्चाउने अवधि बाकी नै रहेको हुदा थप म्याद भएको थप रकम सहितको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु ख) प्रथम रनिङ्ग विल बापत गो भौ नं २०७।२०७८।३।०८ बाट रु ४५८३९६६ भुक्तानी हुदा ल्याव टेष्ट (ल्याव टेष्टलाई पि एस आइटममा राखी)बापतको रु ३०००० विल पेश वेगर भुक्तानी रकम असुल गरी दाखिला गर्नुपर्ने रु ग) सार्वजनिक खरिद नियमावली २०६४ अनुसार कार्यालय पूर्व अनुमान गर्न नसकिने अवस्थाको सृजना भई कार्यमा केहि परिवर्त गर्नुपरेको खण्डमा मात्र भेरिएसन आदेश गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले उक्त चोकदे बाटो स्तर उन्नती कार्यको लागि लागत अनुमान तयार गदकै बखत अनुमान गर्न सकिने ड्रेनको को फर्मा रिटेन मेसिनरी बाल लगायतका काम सुरुमा नभएको भनी कार्यसम्पन्न गरी कन्ट्राक्टरले अन्तिम विलको भुक्तानी पाउ भनी निवेदन पेश गरेको मिति २०७८।३।२५ भन्दा पछिल्लो मिति २०७८।३।२६ मा भेरीयसन आदेशको टिप्पणी उठान गरी भेरीयसन आदेश गरी बढी भुक्तानी दिएको रु ७ लाख असुल गरी दाखिला गर्नुपर्ने रु	९४८,०००
३९			**ओम हराहर कन्स्ट्रक्सन** ठेक्का नं ५ को सुरुको लागत अनुमान १०९३८८२६।– भएकोमा मिती २०७८-०३-२९ मा सम्पन्न गर्ने गरी ओम हराहर कन्स्ट्रक्सनले रु ६८०७४६९ मा ठेक्का कबोल गरी मिती २०७७-१२-१२ मा सम्झौता भएको छ। जसमा देखीने व्यहोरा निम्नानुसार छन। क)ल्याब टेस्ट बापत रु ३००००।– भुक्तान भएकोमा ल्याब टेस्टलाई पिएस आइटममा राखि बिल बेगर रु ३००००।– भुक्तान भएको हुदा ल्याब बापत भुक्तान भएको रकम असुल गरी दाखीला गर्नुपर्ने रु ख) पि एस आईटममा रहेको ल्याब बापतको रु ३००००।– लाई पुन भ्याटमा जोडी बढी भुक्तान भएको भ्याट रकम ३९०० असुल गरी दाखिला गर्नुपर्ने रु	३३,९००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४०			**ओम हराहर कन्स्ट्रक्सन** चोकदे बजार सडक स्तोरउन्नती कार्यको लागी ओम हराहर कन्स्ट्रक्सनलाई गो भौ नं ३४०-२०७८-३-२८ बाट रु ४२८८७३ भुक्तान हुदा कार्यसम्पन्न प्रतिवेदनमा भ्याट सहित ३१५११९६ रकम मात्र उल्लेख भएको हुदा कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएको भन्दा बढी भुक्तानी भएको १६७६७७ रकम असुल गरी दाखिला गर्नुपर्ने रु	१६७,६७७
४१			**लव्दु हल्दे चोकदे थाना सडक**	
४१.१			पालिकाले लव्दु हल्दे चोकदे थाना सडक निर्माणको लागि रु १ करोड ९० लाख को लागत अनुमान गरी ठेक्का प्रकृया आव्हान गरेकोमा सवैभन्दा कम रु ८९ लाख ६५ कवोल गर्ने कल्पबृक्ष निर्माण सेवा सँग मिति २०७८।२।१३ मा कार्यसम्पन्न गर्ने गरी २०७७।९।१३ मा सम्झौता भएको छ । सम्झौता अनुसार प्रथम रनिङ्ग विल बापत रु ८० लाख ३६ हजार ७५९ रुपैया भुक्तानी हुदा निम्नानुसारको व्यहोरा देखियो । क) कार्यसम्पादन जमानत रु ४० लाख ७७ हजार ३६१ को मिति २०७९।३।१४ सम्म हुनपर्नेमा रु ३७ लाख २९ हजार ०९० को मिति २०७९।३।१ सम्म म्याद रहेको कार्यसम्पादन जमानत पेश गरेको हुदा मिति २०७९।३।१४ सम्म म्याद भएको रु ४० लाख ७७ हजार ३६१ रकम भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने रु ख) ल्याव टेष्टलाई पि एस आइटममा राखि बिल तथा ल्याव रिपोर्ट बेगर भुक्तानी भएको रु १०००० असुल गरी दाखिला गर्नुपर्ने रु	३५८,२७१
४१.२			लब्दु हल्दे चोकदे थाना सडक को लागत अनुमान रु १९०८६५९७।– तयार गरी मिती २०७८-०२-१३ मा सम्पन्न गर्ने गरी रु ८९६५४२६ मा ठेक्का कबोल गर्ने कल्पवृक्षा निर्माण सेवा संग मिती २०७७।०९।१३ मा सम्झौता भएको निर्माणकार्यमा निम्नानुसारको व्यहोरा देखीन्छ। क)कार्यसम्पादन जमानत रु ४०७७३६१ को हुनुपर्नेमा कार्यालयले उक्त निर्माण व्यबसायी संग ३७२९०९० को मात्र कार्यसम्पन्न जमानत माग गरेको हुदा थप ३४८२७१।– रकम थप गरी २०७९।०३।०१ सम्म म्याद भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने रु ख)इन्सुरेन्सको कागजजात तथा बिल बाहेक भूक्तानी भएको ? ३०००० असुल गरि दाखिला गर्नुपर्ने रु ग)१४ नं आइटम तथा अर्थ एक्जाभेसन कार्यको ६० घनमीटर कार्यलाई ३३८।०७ का दरले भुक्तानी दिनुपर्नेमा ४१५।८ का दरले भुक्तानी दिई ४६६३।८ रकम बढी भुक्तानी भएको छ।बढी भुक्तानी भएको रकम असुल गरी दाखीला गर्नुपर्ने घ)त्यस्तै आईटम नं २३ को एम १५ पिसिसि नापी किताबमा २७।६४ परिमाण उल्लेख भएकोमा फाइनल बिलमा २८ राखी ०।३६ घनमिटर लाई रु ७००० का दरले भुक्तानी दिई रु २५२० बढी भुक्तानी भएको छ।बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने	४०५,४८४
४१.३			पालिकाले लव्दु हल्दे चोकदे थाना सडक निर्माणको लागि कल्पबृक्ष निर्माण व्यवसायीलाई प्रथम रनिङ्ग विल भुक्तानी दिदा अर्थ एक्साभेसन को ७७।७३ घ मी रु ६० को दर र पि सि सि एम पन्ध्र ०।३६ घ मी रु ७००० का दरले नापी कितावमा उल्लेख भएको परिमाण भन्दा बढी परिमाणमा भुक्तानी गरी बढी भुक्तानी भएको रु ७१८३ असुल गरी दाखिला गर्नुपर्ने रु	७,१८३

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२</td><td></td><td></td><td>
परामर्श खरिद
सार्वजानिक खरिद नियमावली, २०६४ को दफा ७२(१) मा सार्वजानिक निकायले विस लाख रुपैँया भन्दा कम रकमको परामर्श सेवा ऐनको दफा ६(क) बमोजिम मौजुदा सूचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने र प्रस्ताव माग गर्दा सम्भव भएसम्म ६ वटा र कम्तिमा ३ वटा परामर्श दाताको प्रस्ताब सम्बन्धित कागजात पठाइ प्राविधिक र आर्थिक प्रस्ताव छुट्टा छुट्टै खाममा माग गर्नुपर्ने व्यवस्था भए बमोजिम छ ।पालिकाले यस वर्ष निम्मानुसारको विभिन्न परामर्श दाताबाट डि पि आर खरिद गरेकोमा आर्थिक प्रस्ताव मात्र माग गरी खरिद गरेको छ । खरिद कानून को प्रकृया बेगर भुक्तानी गरी अनियमित भएको रु
<table>
<tr><th>गो भौ नं र मिति</th><th>योजनाको नाम</th><th>परामर्श दाताको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td></td><td>ध्यान डाडा एक घर एक खानेपानी योजना</td><td>डाइमन्ड इन्जिनियरिङ्ग कन्सल्टयान्ट प्रा लि</td><td>४९५७८७</td><td></td></tr>
<tr><td>३४६।०७८।३।२९</td><td>लव्दु हल्दे हुदै चोकदे सडक</td><td>सिस्ने इन्जिनियरिङ्ग एण्ड विल्डर्स प्रा लि</td><td>४८७४८२</td><td></td></tr>
<tr><td>१७।०७७।८।२३</td><td>फेदी वेशी दार्मे चकिदे कुवापानी हुदै रसुवा जोड्ने सडक</td><td>डाइमन्ड इन्जिनियरिङ्ग कन्सल्टयान्ट प्रा लि</td><td>५७८७८६</td><td></td></tr>
<tr><td>५०।०७७।११।१७</td><td>वडा नं २ को वडा कार्यालय भवन</td><td>कान्तिपुर इन्जिनियरिङ्ग एण्ड विल्डर्स</td><td>४९९७१९</td><td></td></tr>
<tr><td>५१।०७७।११।१७</td><td>सूर्यगढी पर्यटन प्रबर्द्धन गुरुयोजना</td><td>डाइमन्ड इन्जिनियरिङ्ग कन्सल्टयान्ट प्रा लि</td><td>९९९४८५</td><td></td></tr>
<tr><td>५२।०७७।११।१७</td><td>वातावरणीय प्रभाव मूल्याङ्कन</td><td>डाइमन्ड इन्जिनियरिङ्ग कन्सल्टयान्ट प्रा लि</td><td>४९७२००</td><td></td></tr>
<tr><td>५३।०७७।११।१७</td><td>विभिन्न योजना</td><td>डाइमन्ड इन्जिनियरिङ्ग कन्सल्टयान्ट प्रा लि</td><td>१९७९७६०</td><td></td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>५५३८२१९</td><td></td></tr>
</table>
</td><td>५,५३८,२१९</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>
छहरे हार्डवयर प्रा लि
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा विल भरपाई सहित लेखा राख्नुपर्ने र सो को औचित्यको आधारमा लेखा उत्तरदायि अधिकृतले भुक्तानी दिने व्यवस्था रहेको छ ।
पालिकाले पाइप खरिद गरेको भनि छहरे हार्डवयर प्रा लि लाई पेश गरेको विलको आधारमा रु ४२८८५५ रकम भुक्तानी गरेकोमा निम्नानुसारको व्यहोरा देखियो ।
क) खरिद गरिएको पाइपको कार्यसम्पन्न प्रतिवेदन पेश नभएको हुदा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ ।
ख) उक्त सप्लायर्सले भ्याटमा दर्ता नै नभएको भ्याट नम्वरको (भ्याट दर्ता नं ३०७०४३५०१ को विजक नं ०७३) बाट रु ४९३३७ भ्याट रकम भुक्तानी लिएको हुदा उक्त भ्याट बापत भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु
</td><td>४९,३३७</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४			**स्वाग्राङ्ग मोटरबाटो उपभोक्ता समिति** स्वाग्राङ्ग मोटरबाटो उपभोक्ता समिति लाई बाटो खन्ने कार्यको लागि मेसिनको लागत अनुमान तयार गरी सो हो अनुसार को कार्यसम्पन्न प्रतिवेदनको आधारमा गो भौ नं १३२।०७८।१।२० बाट रु ३४८५७८ भुक्तानी गर्दा निम्मानुसारको व्यहोरा देखियो । क) मेसिनको प्रयोग गरी रु ३२२४१५ को रु ४१९१४ भ्याट बापतको रकम भुक्तानी गर्दा मेसिन संचालक कम्पनी रु ३८५८२ को मात्र भ्याट विल पेश गरेको छ । जसको कारण कम कार्य भएको रकम रु २५६३१ र भ्याट बापत बढी भुक्तानी भएको रु ३३३१ गरी रु २८९६२ बढी भुक्तानी भएको हुदा असुल गरि दाखिला गर्नुपर्ने देखिएको रु ख) मेसिनको प्रयोग गरी बाटो खनेकोमा मानिसले ड्रेन बनाएको भनी भुक्तानी भएको रकम ५२६३६ असुल गरी दाखिला गर्नुपर्ने रु	८१,५९८
४५			**ढुवानी बापत भुक्तानी** सार्वजनिक खरिद नियमावली २०६४ अनुसार जिल्ला दररेट अनुसार निर्माण कार्य गर्नुपर्दछ साथै दुर्गम भेगमा निर्माण कार्यको लागि ढुवानी बापत रकम भुक्तानी गर्न सकने व्यवस्था रहेको छ । पालिकाले पालिकाको परिसरमा रहेको गा पा को अस्थाई भवन निर्माणको लागि उपभोक्ता समितिसँग सम्झौता गरेकोमा योजनाको लागत अनुमान तयार गर्दा विभिन्न आइटमको लागत अनुमान तयार गरी सोही बमोजिम कार्यसम्पन्न प्रतिवेदन तयार गरी गो भौ नं ६१।०७७।११।१९ बाट रु १८ लाख ९३ हजार ६८८ को भुक्तानी हुदा निम्नानुसारको विभिन्न आइटममा भुक्तानी भएको लिड बापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रु	५९६,८१४

कामको विवरण	भुक्तानी आइटम	लिड दर	कुल लिड बापतको रकम
पि सि सि एम १५	३४।५	३६७५	१२६७८७
पलाष्टर १:४	१७७	१४८८	२६३३७६
रुवल स्टोन मसिनरी	१५५	१०७५	१६६६२५
ट्रस फेब्रिकेसन	२६।७२	१४९८	४००२६
			५९६८१४

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td></td><td></td><td>बढी भुक्तानी
सार्वजनिक खरिद नियमावली २०६४ अनुसार निर्माणकार्यको स्वीकृत नमर्स तथा जिल्ला दररेट आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सिउरिने खोला थोपा सिंचाई अयोजना को लागि उपभोक्ता समितिबाट कार्यगराई कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिदा निम्नानुसाराको आइटममा स्वीकृत नमर्स भन्दा बढी भुक्तानी दिएको हुदा बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>भुक्तानी भएको आइटम</th><th>भुक्तानी भएको परिमाण</th><th>स्वीकृत नमर्स</th><th>भुक्तानी भएको नमर्स</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>स्टोन सोलिङ्ग</td><td>४ घ मी</td><td>२९५५</td><td>३२७८</td><td>८५४२</td></tr>
<tr><td>रुवल मसिनरी वाल</td><td>२१।१२ घ मी</td><td>१०३९७</td><td>१०८८४</td><td>१०२८५</td></tr>
<tr><td>पि सि सि एम २०</td><td>७।४५ घ मी</td><td>१४१५७</td><td>१५४२५</td><td>९४४७</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>२८२७३</td></tr>
</table></td><td>२८,२७३</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>निस्क्रिय खाता
सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को बुँदा नं १५(३) मा भत्ता प्राप्त गर्ने लाभग्राहीले सोही आर्थिकवर्षभित्र रकम बुझिसक्नुपर्नेछ । कार्यालयले उपलब्ध गरेको विवरण अनुसार लेखापरीक्षण अवधिसम्म पनि केही लाभग्राहीको खाता २०७७ पौष देखि नै निस्क्रय रहेको देखियो । कार्यालयले बैंकबाट भत्ता प्राप्त गर्ने लाभग्राहीले सोही आर्थिक वर्षभित्र रकम नबुझी निस्क्रिय रहेको लाभग्राहीको खाताको विवरण प्राप्त गरी निस्क्रिय रहेको लाभग्राहीको एकिन गरी लाभग्राहीको अभिलेख अद्यावधिक गर्नुपर्ने र निस्क्रिय रहेको लाभग्राहीको खातामा रहेको रकमको सदुपयोगिता सुनिश्चत गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>सामाजिक सुरक्षा
पालिकाले यस आ व मा सामाजिक सुरक्षा वापत कुल ६१४५१०००। रकम निकासा प्राप्त गरेकोमा उक्त रकम बैक मार्फत वितरण गर्न इन्भेष्टमेन्ट बैंकमा पठाएकोमा बैंकले लाभग्राहीको खातामा रु. ५८३७३३००। जम्मा गरेकोमा बाँकी रकम रु ३०७७७००। गाउँपालिकामा फिर्ता गरी गाउँपालिकाले उक्त रकम संघिय संचित कोषमा फिर्ता पठाउनुपर्ने रु</td><td>३,०७७,७००</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>तालिम संचालन</td><td></td></tr>
<tr><td>४९.१</td><td></td><td></td><td>आर्थीक कार्यविधी तथा वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ३९(१०) मा बिल भरपाई सहित लेखा राख्ने र त्यसको औचीत्यको आधारमा लेखा उत्तरदाही अधीकृतले भुक्तानी दिने ब्यबस्था रहेको छ। पालिकाले सिस्टमको खराबी जनाई गो भौ नं १४७-२०७७-३-३१ र गो भौ नं १४८-२०७७-३-३१ बाट उही EMIS सम्बन्धी तालीम संचालन गरेको भनी रु ४७९२० दोहोरो खर्च लेखेको छ।दोहोरो खर्च लेखेको रु ४७९२०।– असुल गरि दाखीला गर्नेपर्ने रु</td><td>४०,९२०</td></tr>
<tr><td>४९.२</td><td></td><td></td><td>आर्थीक कार्यविधी तथा वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ३९(१०) मा बिल भरपाई सहित लेखा राख्ने र त्यसको औचीत्यको आधारमा लेखा उत्तरदाही अधीकृतले भुक्तानी दिने ब्यबस्था रहेको छ।साथै अर्थ मन्त्रालय द्वारा जारी कार्यसंचालन निर्देशिका २०७५ को बुदा नं ७ अनुसार सार्वजनिक निकायले संचालन गर्ने २ दिनेकार्यक्रमको लागी यातायात खर्च बापत सार्वजनिक यातायातको पुर्ण सुवीधा रहेको स्थानमा न्युनतम गाडी भाडा र अन्यको हकमा रु २०० का दरले दिने ब्यबस्था रहेको छ।पालिकाले शिक्षा शाखाद्धारा संचालीत EMIS सम्बन्धी कार्यक्रममा याता यात खर्च बापत जनही ८०० का दरले ३४ जनालाई रु २७२००।– भुक्तानी गरेको छ।नियमानुसार २०० भन्दा बढीका दरले भुक्तानी भएको रु २०४००।– असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु</td><td>२०,४००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९.३			सोही कार्यविधी अनुसार स्थानीय तहमा आन्तरीक प्रशिक्षकद्वारा प्रशीक्षण गरिएको कार्यक्रममा हेन्सआउट बापत प्रतिकक्षा रु ८०० का दरले दिने ब्यबस्था गरिएको छ।माथी उल्लेखित कार्यक्रममा २१ जना आन्तरीक प्रशीक्षकलाई प्रशिक्षण दिएको भनी कार्यपत्र बेगर जनही रु १२०० का दरले रु १४४०० भुक्तानी गरेको छ।नियमभन्दा बढी जनही ४०० का दरले भुक्तानी भएको रु ८४००।– असुल गरि दाखिला गर्नुपर्ने रु	८,४००
४९.४			आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा बिल भरपाई सहित लेखा राख्ने र त्यसको औचित्यको आधारमा लेखा उत्तरदाही अधिकृतले भुक्तानी दिने ब्यवस्था रहेको छ। पालिकाले लैङ्गिक हिंसा सम्बन्धी कार्यक्रम गरेबापत जानकी मिश्रलाई गो भौ नं १८-२०७७-९-२७ बाट रु ८५०००।– भुक्तानी गर्दा कार्यक्रमको लागत अनुमान खर्च प्रमाणीत गर्ने कागजजात र कार्यक्रमसमापन पश्यात तयार गरिने प्रतिवेदन समेत समावेश नगरी भुक्तानी दिईएको छ।नियमानुसार प्रमाण कागजजात पेश गर्नुपर्ने रु	८५,०००
५०			**बढी भुक्तानी** विधालय दिवा खाजा कार्यक्रम ई सि डी देखी कक्षा ५ सम्म अध्ययनरत विधार्थीको संख्याको आधारमा भुक्तानी दिनुपर्ने देखीन्छ।पालिकाले २९ वटा बिधालयको EMIS प्रतिवेदनको आधारमा पहिलो चोटी २६७९ जनाको रु १५ का दरले रु ४०१८५। खर्च लेखेको छ।पछी शिक्षा शाखाबाट अनुगमन गरी माती उल्लेखित बिधालयमा जम्मा २१२८ जना बिधार्थिले दिवा खाजा बापतको रकम बुझिरहेको प्रतिवेदन उल्लेख गरी दोस्रो चरणमा रु ३१९२०।– भुक्तानी गरेको छ।त्यसको आधारमा पहिलो पटक ५५१ जनाको रु १५ मा दरले रु ८२६५।– बढी भुक्तानी भएको छ।बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु	८,२३२
५१			**डेंगु नियन्त्रण कार्यक्रम** आर्थीक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा बिल भरपाई सहित लेखा राख्ने र त्यसको औचीत्यको आधारमा लेखा उत्तरदाही अधीकृतले भुक्तानी दिने ब्यबस्था रहेको छ। पालिकाले डेगुं लगायत किटजन्य लामखुट्टेको बासस्थान पहिचान तथा नियन्त्रण कार्यक्रमको लागी कार्यक्रम संचालन लागत अनुमान ,डेलिसेडुयल र कार्यक्रम संचालन पश्यात तयार गरिने प्रतिवेदन पेश नगरी गो भौ नं १७६-०७८-३-२५ बाट रु १२२७७५।– खर्च गरेको छ।कार्यक्रमको लागत अनुमान तथा कार्यक्रम संचालन गरिने स्थान र कार्यक्रमको यथार्थ विवरण देखिने प्रतिवेदन बेगर भुक्तानी भएको कार्यक्रम सम्पन्न भए नभएको यकिन गर्न सकिएन । यकिन गर्न नसकेको कारण प्रमाण कागतजात पेश गर्नुपर्न	१२२,७७५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५२			**महिला कार्यक्रम** क)अर्थ मन्त्रालय द्वारा जारी कार्य संचालन निर्देशिका २०७५ को बुदा नं ७ अनुसार आन्तरीक प्रशिक्षकलाई तालीम तथा गोष्ठिमा प्रशिक्षण गराएबापत तयार गरिएको कार्यपत्रको प्रति कार्यपत्र रु ८०० का दरले भुक्तानि दिने ब्यबस्था रहेको छ।पालिकाले लक्षीत वर्गको तथ्याङ्क कार्यक्रम संचालन गर्दा गो भौ नं १६५-२०७८-३-२२ बाट रु १ लाखको खर्च लेख्दा आन्तरीक प्रशिक्षक द्वय यज्ञश्वर पाण्डेलाई ३ वटा कक्षाको १४०० का दरले रु ४२०० र सहभागी भत्ता ७०० का दरले २१०० गरि ६३०० र जानुका मिश्रलाई रु १४०० का दरले ५ वटा कक्षाको रु ७००० ,५ वटा कक्षामा सहभागी भएको भनी रु ७०० का दरले ३५०० भुक्तानी गरी रु १०५०० गरी कुल १६८०० भुक्तानी भएको छ।नियम बिपरीत भुक्तानी भएको यज्ञश्वर पाण्डेलाई रु ३९०० र जानकी मिश्रलाई रु ८००० गरि रु ११९००।– बढी भुक्तानी भएको छ।बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रकम रु ख)सोही निर्देशिकाको बुदा नं ७ मा २ दिने कार्यक्रमको लागी सहभागी यातायात खर्च २०० का दरले दिने ब्यबस्था रहेकोमा दुई दिनसम्म संचालन रहेको कार्यक्रमको १३ जनालाई रु ७०० का दरले १८२०० भुक्तानी भएको छ।नियमभन्दा बढी प्रति व्यक्ती ५०० का दरले बढी भुक्तानी भएको रकम असुल गरि दाखिला गर्नुपर्ने रकम रु ग) अर्थ मन्त्रालय द्वारा जारी कार्य संचालन निर्देशिका २०७५ को बुदा नं ७ अनुसार आन्तरीक प्रशिक्षकलाई तालीम तथा गोष्ठिमा प्रशिक्षण गराएबापत तयार गरिएको कार्यपत्रको प्रति कार्यपत्र रु ८०० का दरले भुक्तानि दिने ब्यबस्था रहेको छ।पालिकाले लक्षीत वर्गको तथ्याङ्क संकलन कार्यक्रममा सहभागी भएको भनी उपाध्याक्ष श्री मन्जु बुढाथोकी सहित ८ जनालाई रु १२०० का दरले रु ९६०० भुक्तानी भएको छ।नियमभन्दा बढी प्रतिव्यक्ती रु ५०० का दरले भुक्तानी भएको रु ४००० असुल गरि दाखिला गर्नुपर्ने रु घ) अर्थ मन्त्रालय द्वारा जारी कार्य संचालन निर्देशिका २०७५ को बुदा नं ७ अनुसार आन्तरीक प्रशिक्षकलाई तालीम तथा गोष्ठिमा प्रशिक्षण गराएबापत तयार गरिएको कार्यपत्रको प्रति कार्यपत्र रु ८०० का दरले भुक्तानि दिने ब्यबस्था रहेको छ।पालिकाले समाजमा रहेका कुपर्था जस्तै लैगिक हिसां सम्बन्धी कार्यक्रममा प्रशिक्षण दिएको भनी जानकी मिश्र सहित ३ जना आन्तरीक प्रशिक्षकलाई एक दिनको १४०० का दरले ४२०० भुक्तानी भएको छ।नियम विपरीत ३ जनालाई जनही ७०० का दरले रु २१०० गो भौ नं १६४-२०७८-३-२२ बाट भएको छ।बढी भुक्तानी भएको रक असुल गरि दाखिला गर्नुपर्ने रु ङ) अर्थ मन्त्रालय द्वारा जारी कार्य संचालन निर्देशिका २०७५ को बुदा नं ७ अनुसार कार्यक्रम गर्नु पुर्व पुर्व बैठक बापत भत्ता दिने ब्यबस्था रहेको छैन।पालिकाले समाजमा रहेका कुरीती ,लैङ्गिक हिसां मानव वेचबिखन तथा ओसारपसार सम्बन्धी कार्यक्रमको संचालन पुर्व बैठक बसेको भनी ९ जनालाई हजारका दरले भुक्तानी दिई गो भौ नं १८-७७-९-२७ बाट रु ९०००।– खर्च लेखेको छ।नियम बिपरीत भुक्तानी गरिएको रकम असुल गरि दाखिला गर्नुपर्ने रु च) मन्त्रालय द्वारा जारी कार्य संचालन निर्देशिका २०७५ को बुदा नं ७ अनुसार आन्तरीक प्रशिक्षकलाई तालीम तथा गोष्ठिमा प्रशिक्षण गराएबापत तयार गरिएको कार्यपत्रको प्रति कार्यपत्र रु ८०० का दरले भुक्तानि दिने ब्यबस्था रहेको छ।पालिकाले समाजमा रहेका कुरीती ,लैङ्गिक हिसां मानववेचबिखन तथा ओसारपसार सम्बन्धी कार्यक्रममा प्रशिक्षण दिएको भनी आन्तरीक प्रशिक्षक जानकी मिश्र र यज्ञश्वर पाण्डेलाई २ वटा कक्षाको रु १४०० का दरले ५६००।– गो भौ नं १८-२०७७-२७ बाट भुक्तानी भएको छ।नियबिपरीत जनही ६०० का दरले २ वटा कक्षाको २ जनालाई भुक्तानी भएको रु २४०० असुल गरि दाखिला गर्नुपर्ने रु	५५,६००
५३			**शिर्षक फरक पारी खर्च** आर्थीक कार्यविधी तथा वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ३४ अनुसार तोकिएको खर्च शिर्षकबाट खर्च लेख्नुपर्ने व्यवस्था गरेको छ।पालिकाले स्वास्थ्य संस्थामा बिजुली जडान गरेको भनी संघीय शशर्त अनुदान शिक्षा शिर्षकबाट सेतीदेवी बिजुली पसललाई गो भौ नं १३८-१७८-३-१६ बाट रु ६१९४६ खर्च गरेको छ।त्यस्तै गो भौ नं १३६-७८-३-१६ बाट आधारभुत स्वास्थ्य केन्द्र संचालनको लागी बिजुलीको सामान निर्यात गरेको भनी त्रिशुली इलेक्ट्रोनिक्स मेन्टेनेनेन्स एण्ड सप्लायर्सलाई रु ७९९९९।– भुक्तानी गरि जम्मा रु १४१९४५।– शिर्षक फरक पारी खर्च लेखेको छ।शिर्षक फरक पारी भुक्तानी गरि अनियमत भएको रु	१४१,९४५
५४			**प्रमाण कागजात पेश गर्नुपर्ने** आर्थीक कार्यविधी तथा वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ३९(१०) मा बिल भरपाई सहित लेखा राख्ने र त्यसको औचीत्यको आधारमा लेखा उत्तरदाही अधीकृतले भुक्तानी दिने ब्यबस्था रहेको छ। पालिकाले लैङ्गिक हिंसा सम्बन्धी कार्यक्रम गरेबापत जानकी मिश्रलाई गो भौ नं १८-२०७७-९-२७ बाट रु ८५०००।– भुक्तानी गर्दा कार्यक्रमको लागत अनुमान खर्च प्रमाणीत गर्ने कागजजात र कार्यक्रम समापन पश्यात तयार गरिने प्रतिवेदन समेत समावेश नगरी भुक्तानी दिईएको छ।नियमानुसार प्रमाण कागजजात पेश गर्नुपर्ने रु	८५,०००
५५			**बढी भुक्तानी**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५.१			आर्थीक कार्यविधी तथा वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ३९(१०) मा बिल भरपाई सहित लेखा राख्ने र त्यसको औचीत्यको आधारमा लेखा उत्तरदाही अधीकृतले भुक्तानी दिने ब्यबस्था रहेको छ। पालिकाले सिस्टमको खराबी जनाई गो भौ नं १४७-२०७७-३-३१ र गो भौ नं १४८-२०७७-३-३१ बाट उही EMIS सम्बन्धी तालीम संचालन गरेको भनी रु ४७९२० दोहोरो खर्च लेखेको छ।दोहोरो खर्च लेखेको रु ४७९२०।– असुल गरि दाखीला गर्नेपर्ने रु	४७,९२०
५५.२			क)आर्थीक कार्यविधी तथा वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ३९(१०) मा बिल भरपाई सहित लेखा राख्ने र त्यसको औचीत्यको आधारमा लेखा उत्तरदाही अधीकृतले भुक्तानी दिने ब्यबस्था रहेको छ।साथै अर्थ मन्त्रालय द्वारा जारी कार्यसंचालन निर्देशिका २०७५ को बुदा नं ७ अनुसार सार्वजनिक निकायले संचालन गर्ने २ दिने कार्यक्रमाका लागी यातायात खर्च बापत सार्वजनिक यातायातको पुर्ण सुवीधा रहेको स्थानमा न्युनतम गाडी भाडा र अन्यको हकमा रु २०० का दरले दिने ब्यबस्था रहेको छ।पालिकाले शिक्षा शाखाद्वारा संचालीत EMIS सम्बन्धी कार्यक्रममा यातायात खर्च बापत जनही ८०० का दरले ३४ जनालाई रु २७२००।– भुक्तानी गरेको छ।नियमानुसार २०० भन्दा बढीका दरले भुक्तानी भएको रु २०४००।– असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु ख)सोही कार्यविधी अनुसार स्थानीय तहमा आन्तरीक प्रशिक्षकद्वारा प्रशीक्षण गरिएको कार्यक्रममा हेन्सआउट बापत प्रतिकक्षा रु ८०० का दरले दिने ब्यबस्था गरिएको छ।माथी उल्लेखित कार्यक्रममा २१ जना आन्तरीक प्रशीक्षकलाई प्रशिक्षण दिएको भनी कार्यपत्र बेगर जनही रु १२०० का दरले रु १४४०० भुक्तानी गरेको छ।नियमभन्दा बढी जनही ४०० का दरले भुक्तानी भएको रु ८४००।– असुल गरि दाखिला गर्नुपर्ने रु	२८,८००
५६			**क्वालिटि टेष्ट** सार्वजनिक खरिद नियमावली २०६४ मा खरिद सम्झौता अनुसार प्राप्त हुने सामाग्रीको गुणस्तर परिक्षण गरी गुणस्तरयुक्त सामानहरु मात्र खरिद गरि भुक्तानी गर्नुपर्ने ब्यबस्था रहेको छ।पालिकाले शिलबन्दी दरभाउपत्र को माध्यमबाट ६६ आइटमका औषधी तथा केही सर्जिकल आइटम खरिद गरेको भनी गो भौ नं ३९०-२०७८-३-३ बाट डालीमा मेडिसेल्सलाई खरिद गरेको सामाग्री हरुको क्वालिटि टेस्ट गरेको प्रतिवेदन संलग्न नगरी रु १०,५७,३७२।– खर्च लेखेको छ ।औषधी जस्तो अति संवेदनशील बस्तुमा क्वालिटी टेस्ट नगरी सामान आयात गरि अनियमत रु	१,०५७,३७२
५७			**आ इ सि टी ल्याव निर्माण** आर्थीक कार्यविधी तथा वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ३९(१०) मा बिल भरपाई सहित लेखा राख्ने र त्यसको औचीत्यको आधारमा लेखा उत्तरदाही अधीकृतले भुक्तानी दिने ब्यबस्था रहेको छ। पालिकाले कालिका माध्यमिक विधालयमा ICT ल्याब स्थापना गरेको भनी गो भौ नं १६३-७८-३२२ बाट रु ६५००००।– निर्माण कार्यको लागत अनुमान ,त्यसको निर्माण भएको नापी किताबको आधारमा कार्यसम्पन्न प्रतिवेदन तयार गरी आधीकारीक निकायबाट अनुगमन गरी तयार गरेको प्रतिवेदनको आधारमा खर्च लेख्नुपर्नेमा सो नगरी खर्च लेखेको छ ।नियमानुसार अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु	६५०,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५८			**सेनिटरी प्याड खरिद** सेनटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि 2076 मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्वन्धीत स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा बढीमा प्रति विद्यार्थी १६ वटा सेनेटरी प्याड वितरण गर्ने गरी सम्वन्धीत विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया सुचारु गरी तेस्को भरपाई तयार गरी अर्को महिनाको ७ गते सुचना पार्टिमा विवरण टास्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । गाँउपालिकाले उक्त प्रकृया पुरा नगरी यस वर्ष उक्त शिर्षकमा गो भौ नं. ११५।०७८।३।३ डालिमा मेडिसेल्स बाट रु ८ लाख ८४ हजार सेनिटरी प्याड खरिद गरेको भनी खर्च लेखेको छ ।आ.व. को अन्त्यमा सामाग्री खरिद गरी वितरण गरिएकोमा कार्यक्रमको उद्देश्य अनुरुप शिक्षाको गुणस्तरमा टेवा पुगेको/नपुगरेको भन्न सकिने आधार देखिएन साथै उक्त सामाग्री वितरण नगरी स्टोरमा मौज्दातमा रहेको कार्यालयले जनाएको छ। गाँउपालिकाले यस सम्वन्धमा अनुगमन गरी खरिद सामग्रीको उपयोग गर्नुपर्दछ । क) सेनिटरी प्याड खरिद सम्बन्धी कार्यविधी २०७५ को अनुसुची २ अनुसार प्याडको गुण गुणस्तर परिक्षण हुनुपर्नेमा सो परिक्षण नगरी सामान खरिद भएको हुदा सामान तोकिएको गुणस्तर भएको यकिन गर्न सकिएन । ख)सार्वजनिक खरिद नियमावली २०६४ अनुसार सार्वजनिक निकायले खरिद तथा अन्य विधीबाट कार्यलयलाई प्राप्त हुने सामाग्रीको जिन्सी खातामा आम्दानी जनाई हस्तान्तरण फारामको माध्यमबाट खर्च लेख्नुपर्ने ब्यबस्था रहेको छ।पालिकाले १३५०० थान सेनिटरी प्याड खरिद गरेतापनी सम्बन्धीत छात्रालाई बितरण गरेको भरपाई पेश गरेको छैन जसको कारण आवश्यकता पहिचान नगरी आर्थीक वर्षको अन्त्यमा बजेट फ्रिज हुन नदिने उद्देश्य प्रेरित भई सामान खरिद गर्ने कार्यमा नियन्त्रित हुनुपर्छ। ग) उक्त सामाग्रीको गुणस्तर परिक्षण गरी वितरण गर्नुपर्नेमा सो गुणस्तर परिक्षण गरेको प्रमाण पेश गरेको छैन । साथै विद्यालयगत अभिलेख खाता नभएको कारण कुन विद्यालयलाई कति मात्रामा आवस्यक थियो र सो बमोजिम वितरण भए/नभएको एकिन गर्न सकिएन।	
५९			**सामान खरिद नगरी कनै विल भुक्तानी** सार्वजनिक खरिद नियमावली २०६४ नियम १२५ अनुसार कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिनुपर्ने ब्यबस्था रहेको छ।पालिकाले बागेश्वरी उ मा वी मा वास कार्यक्रम अन्तरगत शौचालय निर्माणको लागी रु ६९६३८१।– को लागत अनुमान तयार गरी रु ७७२०३३।– को कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी भएको श्रेस्ता परिक्षण गर्दा प्यानसिट ४ वटा रु२५२४ का दरले भुक्तानी भएको १००९६।– ,रेक्टेङगुलर मिरर रु २००० र धारा रु ७५५ का दरले ६ वटाको रु४५३०।– गरी जम्मा रु १६६२६।– को सामान खरिद गरेको बिल पेश भएको छैन।बिल बेगर भुक्तानी भएको रकम अशुल गरि भुक्तानी गर्नुपर्ने रु	१६,६२२
६०			**बढी भुक्तानी**	
६०.१			क) गरिबी निवारणको लागी लघु उधम बिकास कार्यक्रम संचालन निर्देशीका २०७७ को बुदा नं ४१(३) मा उधमीलाई प्रदान गरिने प्रवीधीको कुल रकममा कार्यालयले प्रवीधी प्राप्त गर्ने उधमी बाट आपुर्तीकर्ताले कबोल गरेको कुल अङ्कको कम्तीमा २०% रकम जम्मा गर्न लगाई बढीमा ८०% रकम मात्र कार्यालयले आपुर्तीकर्तालाई भुक्तानी गर्नुपर्ने ब्यबस्था रहेको छ।पालिकाले सिलाई मेसीन बापत ३८ जना उधमीलाई सिलाई मेसीन वितरण गर्नको लागी के के सप्लायर्सलाई गो भौ नं ८८-२०७८-१-१५ बाट पुरै लागत रु ४७२३४०।– भुक्तानी गरेको छ ।निर्देशीका अनुसार न्युनतम लागत सहभागीता बेगर भुक्तानी भएको रु ९४४६८।– असुल गरी दाखिला गर्नुपर्ने रु ख) माथी उल्लेखीत कार्यविधी अनुसार सम्बन्धीत उधमीको न्युनतम लागत सहभागीता बेगर पालिकाले कपडा खरिद गरेको भनी गो भौ नं ८७-२०७८-१-१५ बाट श्रेष्ठ फेन्सी हाउसलाई १४१२६१।– भुक्तानी दिएकोमा रु २८२५२।– उधमी जनसहभागीता बापतको रकम दाखिला भएको छैन।उधमी लागत सहभागीता बापतको रकम असुल गरि दाखिला गर्नुपर्ने रकम रु	१२२,७२०
६०.२			क)मन्त्रालय द्वारा जारी कार्य संचालन निर्देशिका २०७५ अनुसार अन्तरनिकाय कर्मचारी मात्र उपस्थीती रही संचालीत बैठकमा बैठक भत्ता बितरण नहुने ब्यबस्था गरेको छ।पालिकाले राष्ट्रिय परिचयपत्र तथा पन्जीकरण सेवा बैठक भनी १७ जना लाई ३ दिनको १५०० का दरले रु ७६५००।– गो भौ नं १८७-२०७८-३-२५ बाट भुक्तानी भएको छ।नियम बिपरीत भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु ख)आर्थीक कार्यविधी तथा वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ३९(१०) मा बिल भरपाई सहित लेखा राख्ने र त्यसको औचीत्यको आधारमा लेखा उत्तरदाही अधीकृतले भुक्तानी दिने ब्यबस्था रहेको छ। पालिकाले गो भौ नं १३१-७८-३-१६ बाट बिभीन्न मिडियामा विज्ञापन तथा समाचार प्रकाशन भएको भनी बिना प्रमाण कागजजात बनदेवी मिडियालाई रु १४८०५ ,उत्तरगया मिडीया प्रा ली लाई रु ४९२५०।– र विकास मिडिया प्रा ली लाई रु ११२८०।– गरी रु ७५८७५ भुक्तानी भएको छ।प्रमाण कागजजात बेगर भुक्तानी भएको रकम असुल गरि दाखिला गर्नुपर्ने रकम रु	१५२,३७५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१			**काज र प्रोत्साहन भत्ता** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा ११ जना कर्मचारीलाई अतिरिक्त कार्य गरेवापत मासिक अतिरिक्त भत्ता प्रदान गरेको छ । तर ती कर्मचारीहरुले दैनिक भ्रमण खर्च तथा भत्ता प्राप्त गर्ने गरी काजमा रहेको दिनमा पनि अतिरिक्त भत्ता बुझेको देखियो । यसरी कर्मचारीले सरकारी कोषबाट एकै दिनमा एउटै कार्यका लागि दैनिक भ्रमण खर्च तथा भत्ता र अतिरिक्त भत्ता बुझ्नुलाई नियम सम्मत हो भन्न सकिन्न ।	
६२	४६३	२०७८-३-१७	**कर्मचारी बैठक भत्ता** अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को दफा ७.१.१ मा बैठक भत्ता भुक्तानी दिंदा तोकिएको ६ वटा मापदण्ड पालना नगरी बैठकमा भत्ता दिन नमिल्ने व्यवस्था रहेको छ । कार्यालयको गोश्वारा भौचर नं ४६३। २०७८।३।१७ बाट उक्त मापदण्ड पालना नहुने गरी एउटै निकायका पदाधिकारी मात्र संलग्न कर्मचारी बैठक भत्ता भुक्तानी दिएको देखियो । यसरी तोकिएको उक्त मापदण्डको पालना नगरी कार्यालयले एउटै निकायका पदाधिकारी मात्र संलग्न बैठकको बैठक भत्ता खर्च लेखेको हुँदा नियम सम्मत भन्न नमिल्ने	१९५,०००
६३	१४७	२०७७-१०-२७	**न्यायिक समिति बैठक भत्ता** नेपालको संविधानको धारा २१७ मा प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने र न्यायिक समितमा गाउँसभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरु रहने उल्लेख रहेको छ । बागमती प्रदेश अन्तर्गत स्थानीय तहका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ४ क मा अनुसूची १ ग मा उल्लेख भए बमोजिम न्यायिक समिति संयोजकले र सदस्यले बैठक भत्ता पाउने उल्लेख छ तर बागमती प्रदेश अन्तर्गत स्थानीय तहका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को विपरीत हुने गरी गोश्वारा भौचर नं १४७।२०७७।१०।२७ बाट प्रति बैठक रु १००० का दरले प्रशासकीय अधिकृत यज्ञश्वार पाण्डेलाई ६ वटा बैठकको रु ६०००।, सहायक महिला विकास निरीक्षक जानकी मिश्रलाई ६ वटा बैठकको रु ६०००।, लेखा अधिकृत महेश शर्मालाई २ वटा बैठकको रु २०००। र सूचना प्रविधि अधिकृत सुशिल पौडेललाई २ वटा बैठकको रु २०००। गरी जम्मा रु १६०००। न्यायिक समिति सदस्य बाहेकको लाई भुक्तानी भएको देखिएकोले नियम सम्मत भन्न नमिल्ने रु	१६,०००
६४	४७३	२०७८-३-२०	**रीतपूर्वक कर बिजक** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले बिजक नं नभएको रीतपूर्वकको बिजक बेगर पाठक स्टोरबाट मु.अ.कर रु २३३१९। समेत रु २०२७००। को नुवाकोट तेक्वान्दो संघले खेलकुद सामाग्री खरिद गरेवापतको भुक्तानी दिएको छ । तसर्थ उक्त सप्लायर्स ले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	२३,३१९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६५</td><td></td><td></td><td>
बढी भुक्तानी
अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७५ को बुँदा ७.१.१५ मा नेपाल सरकारका तालिम केन्द्र बाहेक अन्य निकायबाट संचालन हुने कार्यक्रममा लाग्ने खर्चको अधिकतम नर्म्स उल्लेख छ । निर्देशिकाको बुँदा नं ७.१.१५ मा सहायकस्तरको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापत रु ७०० का दरले पारिश्रमिक पाउने उल्लेख छ । प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत कार्यालयको देहायका भुक्तानी अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७५ को बुँदा ७.१.१५ को खर्चको मापदण्ड अनुरुप भएको नदेखिएको हुँदा सो वापत बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं. / मिति</th><th>कार्यक्रम</th><th>प्रशिक्षक</th><th>कक्षा</th><th>दर</th><th>भुक्तानी भएको</th><th>भुक्तानी हुनुपर्ने</th><th>बढी भुक्तानी</th></tr>
<tr><td rowspan="2">१२। २०७८। ३।२२</td><td rowspan="2">१ दिने बाल मैत्री स्थानीय तह घोषणा सम्बन्धी अभिमुखीकरण</td><td>प्र.प्र.अ. यज्ञश्वर पाण्डे</td><td>४</td><td>७००</td><td>५६००</td><td>२८००</td><td>२८००</td></tr>
<tr><td>स.म.वि.नि. जानकी मिश्र</td><td>१२</td><td>७००</td><td>१६८००</td><td>८४००</td><td>८४००</td></tr>
<tr><td rowspan="3">१०। २०७८। ३।२२</td><td rowspan="3">१ दिने बाल मैत्री स्थानीय तह घोषणा सम्बन्धी अभिमुखीकरण</td><td>प्र.प्र.अ. यज्ञश्वर पाण्डे</td><td>४</td><td>७००</td><td>५६००</td><td>२८००</td><td>२८००</td></tr>
<tr><td>स.म.वि.नि. जानकी मिश्र</td><td>११</td><td>७००</td><td>१५४००</td><td>७७००</td><td>७७००</td></tr>
<tr><td>सू.अ. सुशिल पाण्डे</td><td>१</td><td>७००</td><td>१४००</td><td>७००</td><td>७००</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>२२४००</td></tr>
</table>
</td><td>२२,४००</td></tr>
<tr><td>६६</td><td>४८६</td><td>२०७८-३-२२</td><td>
बाख्रा पकेट कार्यक्रम
आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसा भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले गोश्वारा भौचर नं ४८६।२०७८।०३।२२ बाट ५० प्रतिशत लागत साझेदारीमा बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम संचालन वापत श्री गणेस्थान बाख्रा पकेट समन्वय समितिलाई रु ६३७५६३। भुक्तानी दिएको छ । तर ५० प्रतिशत लागत साझेदारी अनुसार कार्य सम्पन्न भए वापतको रु १२७५१२६। को बिल भरपाई पेश हुनुपर्नेमा रु ११७६१११। को मात्र बिल भरपाई पेश भएकोले रु ९९०१५। को कार्यसम्पन्नको बिल भरपाई पेश नभई कार्यालयबाट ५० प्रतिशत रकम रु ४९५०७। भुक्तानी भएको देखिएकोले नियमसम्मत भन्न नमिल्ने रु
</td><td>४९,५०७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६७</td><td></td><td></td><td>खर्चको पुष्टयाँई
आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसा भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत देहायको गोश्वारा भौचर नं बाट निम्न बमोजिम मसलन्द खर्च र औषधी खर्च वापत भुक्तानी दिइएकोमा खर्चलाई पुष्टि हुने खर्चको प्रमाण नभएकाले पेश हुनुपर्ने रु
<table>
<tr><th>गोभौनं।मिति</th><th>विद्यालयको नाम</th><th>विद्यालय नर्स</th><th>मसलन्द खर्च</th><th>अत्यावश्यक औषधी खरिद</th><th>जम्मा रकम</th></tr>
<tr><td rowspan="2">३। २०७७।११। १८</td><td>बागेश्वरी उमावि</td><td>सुरक्षा सिंह</td><td>१००००</td><td>१००००</td><td>२००००</td></tr>
<tr><td>कालिका मावि</td><td>राधिका तामाङ</td><td>१००००</td><td>१००००</td><td>२००००</td></tr>
<tr><td>६। २०७७।२। ३१</td><td>गणेश उमावि</td><td>संजिता अधिकारी</td><td>१००००</td><td>१००००</td><td>२००००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>६००००</td></tr>
</table></td><td>६०,०००</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>गाडी भाडा
कार्यालयको दैनिक कामकारवाहीको लागि प्रति महिना रु.१५००००। का दरले भाडा भुक्तानी गर्ने गरी गाडी भाडामा प्रयोग गरे वापतको भाडा रकम तारकेश्वर नगरपालिका–८, काठमाडौं निवासी गाडी धनी श्री सुनिल महर्जनलाई बार्षिक रु.१८०००००। भुक्तानी खर्च लेखेको छ ।आर्थिक वर्ष २०७६।०७७ मा पनि सोही गाडी भाडामा प्रयोग गर्ने सम्झौता गरी वार्षिक रु १८००००० । खर्च लेखेको छ ।कार्यालयको कामको प्रकृति र कार्य व्यस्तताको दृष्टिकोणले कार्यालय प्रयोजनको लागि भाडाको सवारी साधन प्रयोग गर्नु भन्दा बार्षिक भाडामा खर्च हुने रकमले सवारी साधन नै खरीद गरी प्रयोग गर्दा मितव्ययी तथा किफायती एवं कार्य प्रकृति अनुकूल हुने देखि बिगत देखि औंल्याएकोमा सुधार नभएकोले यस सम्बन्धमा सम्वन्धित पक्षले ध्यान पुरयाउनु पर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>सम्परीक्षण
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम वेरुजू फछ्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था गरेको छ । बेरुजुको विवरण अद्यावधिक गरी नियमानुसार बेरुजु फछ्यौट गर्नुपर्दछ । कार्यालयले गत विगत वर्षसम्मको बेरुजू लगत अध्यावधिक गरी सम्परीक्षणको लागि डोरमा अनुरोध गर्नुपर्नेमा
कार्यालयले सम्परीक्षणको लागि अनुरोध गरेको छैन ।</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>अनुगमन
गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, कर बीजक लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन ।
बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७१</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछर्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछर्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षको बेरुजू फछर्यौटको तथा अध्यावधिक बेरुजूको स्थिति निम्नानुसार देखिएको छ ।

<table><tr><th>गत वर्षसम्मको बेरुजु(A)</th><th>यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B)</th><th>यो बर्ष कायम बेरुजु(C)</th><th>सम्परीक्षण बाट कायम बेरुजु(D)</th><th>अध्यावधिक बाँकी बेरुजु(A+B+C+D)</th></tr><tr><td></td><td></td><td></td><td></td><td></td></tr></table></td><td></td></tr>
</table>